**डेङ्गुबाट बचौं**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरूमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरू आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु
- यस्ता लक्षणहरू देखापरेमा डेङ्गु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



PRATEEK DAILY

# प्रतीक
दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com





अधिकृत बिक्रेताः
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मोः ९८५५०२२५८०



❖ वर्ष ३६ ❖ २०७९ असोज २८ गते शुक्रवार // मूत भस्म नबन्दैमा भित्रिको भैकन बल्नुछ // 2022 October 14 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ५२


## सेनिटरी प्याडको अभाव, अनुदानमा पाउने प्याड खरीद गर्नुपर्ने बाध्यता

धर्मेन्द्र चौरसिया, पोखरिया, २७ असोज/

पर्सा जिल्लामा रहेका सामुदायिक



वीरगंजको एउटा सामुदायिक विद्यालयमा जडान गरिएको सेनिटरी प्याड एटिएम । तस्वीरः फाइल

विद्यालयहरूमा सेनिटरी प्याडको अभाव भएको छ । छात्राहरूलाई महीनावारीको बेला निश्शुल्क सेनिटरी प्याड वितरणका लागि सरकारले छुट्टै बजेट व्यवस्था गरे पनि पालिकाहरूले उक्त बजेट खर्च गर्न ढिला गरेका कारण सामुदायिक विद्यालयहरूमा अध्ययनरत छात्राहरूले प्याडको अभाव झेल्नुपरेको हो ।

सरकारले महीनावारी हुने छात्राहरूलाई प्रतिछात्रा मासिक रु ११३ को दरले सेनिटरी प्याड खरीदका लागि पालिकाहरूमा बजेट पठाउँदै आएको छ । आधा दशकदेखि सरकारले छात्राहरू लक्षित यो कार्यक्रम लागू गरेकोमा अहिले यसमा पनि भ्रष्टाचार शुरू भएको छ । एकजना छात्रालाई मासिक रु ११३ को दरले प्याड खरीद गर्न दिइने बजेटमा पालिकाहरूले टेन्डरमार्फत कमसल प्याड खरीद गर्ने गरेको आरोप छ । बजारमा राम्रो सेनिटरी प्याड प्रतिप्याकेट रु ५५ पर्छ । तर पालिकाहरूले रु २०-२५ पर्ने कमसल प्याड खरीद गरी छात्राहरूलाई वितरण गर्छन् ।

केही समययतादेखि विभिन्न सामाजिक संस्थाहरूको सहयोगमा पनि सेनिटरी प्याड सामुदायिक विद्यालयहरूलाई उपलब्ध हुने गरेको छ । तर यसको लेखाजोखा छैन । यसरी उपलब्ध हुने सयौं सेनिटरी प्याडमै सरकारी बजेट जोडेर भ्रष्टाचार हुने गरेको सामुदायिक विद्यालयका एकजना शिक्षिकले बताए ।

वीरगंज महानगरपालिकामा महीनावारी हुने छात्राहरूको सङ्ख्या छ हजार बढी छ । महानगरमा पनि सेनिटरी प्याडको अभाव छ । महानगरपालिकाले सेनिटरी प्याड सहजरूपमा उपलब्ध गराउन केही विद्यालयहरूमा मेशिन पनि जडान गरेको थियो । अहिले ती मेशिनहरू पनि प्याड अभावमा रित्तो छन् । पालिकाहरूमा रहेका सामुदायिक विद्यालयहरूमा प्याड अभाव भएको र छात्राहरूले आफ्नो रकमले खरीद गर्नुपरेको एकजना शिक्षिकाले बताइन् ।

वीरगंज महानगरको शिक्षा महाशाखाका हरि राउतले एक वर्षदेखि प्याडको अभाव भएको बताए । उनले सरकारले दिने अनुदानको रकमबाट पालिका आफैंले टेन्डरमार्फत प्याड खरीद गर्नुपर्ने भएकोले समस्या भएको बताए । उनले विद्यालयहरूलाई प्याड खरीदको लागि रकम पठाउने व्यवस्था भए सहज हुने तर टेन्डर गरेर प्याड खरीद गर्नुपर्ने कार्य झन्झटिलो भएको बताए । महानगरको खरीद महाशाखाले यसको सहजीकरण गरिरहेको र अविलम्ब व्यवस्थापन हुने उनले बताए ।

अन्य पालिकाहरूले भने साउनदेखि सेनिटरी प्याडको अभाव झेल्दै आएको र यसतर्फ पालिकाहरूले ध्यान नदिएको एकजना सामुदायिक विद्यालयकी शिक्षिकाले बताइन् । उनले प्याड अभावमा कतिपय छात्राहरू महीनावारीको बेला विद्यालय आउन छाडेको भन्दै यो समस्या तत्काल समाधान गर्न आग्रह गरे । सरकारले दिने रकम पनि पालिकाले समयमा वितरण गर्न नसक्नु दुर्भाग्यपूर्ण भएको उनको दुःखेसो छ ।

## तराई हस्पिटलको लापरबाहीले महिलाको ज्यान जोखिममा

प्रस, वीरगंज, २७ असोज/

पावरहाउस चोकदेखि पूर्वपट्टि रहेको




तराई हस्पिटलमा पाठेघरको शल्यक्रिया गराएकी एकजना महिलाको ज्यान जोखिममा परेको समाचार छ ।

पाठेघरको शल्यक्रिया गर्ने क्रममा अस्पतालकी चिकित्सक डा तरुन्नुम खातुनले मूत्रथैली काटिदिएकीले सो महिलाको ज्यान जोखिममा परेको बताइएको छ ।

महिलाका आफन्तजनले घटनापछि अस्पतालमा विवाद गरेका थिए ।

बुधवार राति आफन्तले अस्पतालमा विवाद गरेपछि प्रहरीले साम्य गरेको थियो । वीरगंज महानगर-१४ पिपरा निवासी रामबालक पण्डितकी ४३ वर्षीया पत्नी सीमा देवीको पाठेघरको शल्यक्रिया गर्ने क्रममा डा खातुनको टीमले उनको पिसाब नली काटेको आफन्तजनको आरोप छ । महिलालाई थप उपचारको लागि काठमाडौंस्थित मेडिसिटी अस्पताल पुऱ्याइएको छ ।

सीमा देवीलाई पाठेघरको शल्यक्रियाको लागि तराई अस्पतालमा मङ्गलवार दिउँसो १० बजे भर्ना गरिएको र त्यसको साढे नौ घण्टापछि शल्यक्रिया गरिएको थियो । शल्यक्रिया भएको १८ घण्टापछि पनि सीमा देवीलाई पिसाब



तस्वीरः प्रतीक

नभएपछि उनको मूत्रथैली काटिएको रहस्योद्घाटन भएको हो ।

यसबारेमा अस्पतालका डा जमीनले सीमा देवीको मिर्गौलाको आकार घटबढ भइरहेकाले अविलम्ब काठमाडौं लैजान सुझाव दिएको बताए । उनलाई काठमाडौं लगिएको छिमेकी कमसुलले बताए ।

यसबारे डा खातुनले माइक्रोस्कोपबाट चेकजाँच गर्दा समस्या देखिएपछि काठमाडौं लैजान सुझाव दिएको बताइन् ।

सोही रिपोर्ट वीरगंजका एकजना सर्जनले हेरेपछि सीमादेवीको शल्यक्रिया गरिएको पाठेघरको नली पिसाबकै नलीमा बाँधिएकोले समस्या भएको बताएको सीमाका छोरा कृष्णमुरारी प्रजापतिले बताए ।

छोरा प्रजापतिले अस्पतालका तीन/चारजना चिकित्सकले शल्यक्रियाको क्रममा गलती गरेको स्वीकारेको दाबी गरेका छन् ।

अस्पतालका मार्केटिङ र प्रशासनिक शाखाका कर्मचारी दिलीपराउत कुर्मीले शल्यक्रियाको बेलामा पिसाबको नली बाँधिएको बताए । उनले पिसाबको नलीको बनावट अलि गाह्रो खालको रहेकोले शल्यक्रिया गर्न पनि धेरै समय लागेको भन्दै अस्पतालको लापरवाहीबारे ढाकछोप गर्न खोजे । उनले एक/दुईवटा मामिलामा यस प्रकारको समस्या देखा परिरहेको प्रतिक्रिया दिँदै घटना सामान्य रहेको बताए ।

## निजगढको नदीजन्य पदार्थको ठेक्का अझै अन्यौलमा, फेरि पेसी सऱ्यो

जीतलाल श्रेष्ठ, निजगढ, २७ असोज/

निजगढ नगरपालिकामा रहेको




तस्विर : जीतलाल श्रेष्ठ

बकैया खोला र धन्सार खोलाबाट तत्काल अर्को आदेश जारी नभएसम्म नदीजन्य पदार्थ तथा खानीजन्य पदार्थ उत्खनन नगर्न-नगराउन उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगंजले अन्तरिम आदेश मङ्गलवार पनि यथावत् राखेसँगै निजगढ नगरपालिकाले लगाउँदै आएको ठेक्का फेरि प्रभावित हुने सम्भावना बढ्न गएको छ । उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगंजले आइतवारका लागि अर्को पेसी तोकेको निजगढ नपाले जनाएको छ । हालसम्म उक्त पेसी पाँचपटक सरेको निजगढ नपाले जनाएको छ । जसले गर्दा भदौ महीनादेखि असोजको आधाआधीसम्म लगाइसक्नुपर्ने ठेक्का कानूनी अडचनले बाधित भएको छ ।

निजगढ नगरपालिकालाई विपक्षी बनाई सुरजकुमार गुप्ताले दिएको निवेदन उच्च अदालत वीरगंजले बदर नगर्दा अन्तरिम आदेश यथावत् रहेको हो ।

यहाँको बकैया र धन्सार खोलाबाट नदीजन्य पदार्थ तथा खानीजन्य पदार्थ उत्खनन गर्दा बाढी, पहिरो आई तराई क्षेत्र डुबानमा परी धनजनको क्षति हुने प्रबल सम्भावना रहेको जनाइएको छ । स्थानीय तह आफैंले नदीजन्य पदार्थ उत्खनन, सङ्कलन, बिक्री वितरण गर्ने कानून बनाउन, आइइई रिपोर्ट तयार गर्न संविधान र सङ्घीय कानूनले छुट दिएपछि उत्खनन कार्यलाई बढावा दिँदै आएका छन् । यसरी स्थानीय तहले बनाएका यससम्बन्धी कानून माथिल्लो तहले स्वीकृति दिने वा नदिने कानूनी

(बाँकी पाँचौं पातामा)

## क्षेत्र नं ४ बाट प्रतिनिधिसभा र प्रदेशसभाका २९ उम्मेदवार

प्रस, सेढवा, २७ असोज/

पर्सा क्षेत्र नं ४ बाट प्रतिनिधिसभामा



रमेश रिजाल, जालीम मियाँ, जयप्रकाश थारू, सिंहासन साह कलवार, शङ्कर चौधरी । तस्वीरः फाइल

नौजना र प्रदेशसभामा (क) र (ख)बाट १०/१० जना उम्मेदवार गरी २९ जना उम्मेदवार भएका छन् ।

मङ्सिर ४ गते हुने प्रतिनिधिसभा सदस्यको लागि ११ जनाको उम्मेदवारी परेको थियो । जसमा दुईजना राष्ट्रिय स्वतन्त्र पार्टीका टेकबहादुर शाक्य र स्वतन्त्र उम्मेदवार महम्मद कलिम मन्सुरीले उम्मेदवारी फिर्ता लिएका थिए । अब यो क्षेत्रबाट प्रतिनिधिसभा सदस्यको लागि सत्तारूढ गठबन्धनबाट नेपाली काङ्ग्रेसका रमेश रिजाल, जसपा-एमाले गठबन्धनबाट एमालेका जालीम मियाँ मन्सुरी, राप्रपाका अवधेशप्रसाद गौरो, जनमत पार्टीका अजयकुमार यादव, नेपाल जनता दल पार्टीका रामाशिष महतो कोइरी र स्वतन्त्र उम्मेदवारहरू हेतुला मियाँ मन्सुरी, हरिओम साह कानु, राजकुमार कुशवाहा, जज अहमद रहेका छन् ।

क्षेत्र नं ४ को (क)बाट प्रदेशसभामा सत्तारूढ गठबन्धनबाट नेकाका शङ्करप्रसाद चौधरी, जसपा-एमाले गठबन्धनका जयप्रकाश थारू, जनसमाजवादी पार्टीका राजेन्द्रप्रसाद साह, नेपाल मजदुर किसान पार्टीका हाकिम अन्सारी, नेपालको लागि नेपाली पार्टीका रामगोविन्दप्रसाद चौहान, राप्रपा नेपालबाट सन्तकुमार जोशी र स्वतन्त्र उम्मेदवारहरू वीरेन्द्रप्रसाद यादव, जरी लामा, शम्भु महतो थारू रहेका छन् ।

यसैगरी, (ख)बाट प्रदेशसभाबाट सत्तारूढ गठबन्धनका नेकपा माओवादीबाट शेख चाँदतारा, जसपा-एमालेबाट जसपाका सिंहासन साह कलवार, नेपाल सुशासन पार्टीबाट बलिराम यादव, नेपाल जनता दलबाट सेमराउत अहिर, राप्रपाबाट नागा हजरा दुसाध र स्वतन्त्र उम्मेदवारहरू लखु साह तेली, प्रहलाद साह कानु, हाफिज हवारी, वीरेन्द्र महतो चाई र वीरेन्द्र ठाकुर हजाम रहेका छन् ।

२०७४ सालको निर्वाचनमा यो क्षेत्रबाट प्रतिनिधिसभामा लक्ष्मणलाल कर्ण विजयी भएका थिए । सत्तारूढ गठबन्धनसँग लोसपाको गठबन्धन भएपछि कर्ण क्षेत्र नं १ बाट चुनाव लड्दैछन् ।

यसैगरी, प्रदेशसभामा यसअघि जितेका शङ्कर चौधरी र सिंहासन साह कलवार पनि सोही पार्टीबाट उम्मेदवार भएका छन् । संविधानसभाको पहिलो निर्वाचनमा विजयी जयप्रकाश थारू यसपटक प्रदेशसभा सदस्यमा चुनाव लड्दै छन् भने जगरनाथपुर गाउँपालिकाका पूर्वअध्यक्ष जालीम मियाँ प्रतिनिधिसभा सदस्यको लागि चुनाव लडिरहेका छन् ।

## बागी उम्मेदवारलाई कारबाही

प्रस, परवानीपुर, २७ असोज/

नेकपा एमाले, पर्साले पार्टीको विधानविपरीत बागी उम्मेदवारी दिएका नौजना नेतालाई कारबाही गरेको छ । कारबाहीमा पर्ने नौजना नेताले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको चुनावमा पार्टीको विधानविपरीत गएर बागी उम्मेदवारी दिएका थिए ।

नौजनालाई साधारण सदस्यसमेत नरहने गरी पार्टीले निष्कासन गर्ने निर्देशन दिएकोले सोही अनुसार निर्णय भएको नेकपा एमाले, पर्साका अध्यक्ष जयप्रकाश थारूले बताए ।

कारबाहीमा पर्नेमा सन्तोष श्रेष्ठ( निर्वाचन क्षेत्र नं १ को ख), प्रहलाद साह कानु (४ को ख), शान्तकुमार जोशी (४ को ख), अफताब आलम देवान (१ को ख), महमद आलम देवान (१ को ख), फरमान अन्सारी (२ को ख), नीरराज गिरी (३ को क) र विनोद लामा (२ को क) रहेका छन् । पार्टीले कारबाही गरे तापनि उनीहरू स्वतन्त्र चुनाव लड्न पाउनेछन् ।

## विचारसार र सूक्तिहरू

**'औषधि' औषधिको बोतल र गोली मात्र होइन । केही औषधि यस्ता छन्, जसको उपयोग गर्दा कुनै रोग लाग्दैन । जस्तै–८. केही मामिलामा चुप लाग्नु एउटा औषधि हो ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


# कामभन्दा कुरा ठूलो


**श्रीसिया नदी प्रदूषणमुक्त गर्ने कुरा बोलीमा मात्र सीमित भएको छ । करीब तीन दशकदेखि श्रीसिया नदी प्रदूषणको शिकार हुँदै आएको हो । यो नदी बाराबाट शुरू हुने र पर्सा हुँदै छिमेकी भारतको रक्सौल भएर बग्दै गएको छ । कुनै बेला यो नदीको पानी स्वच्छ थियो र यससँग जोडिएका गाउँबस्तीका मानिसहरूको दैनिक कार्य नित्य स्नान, पूजापाठ, लुगा धुने, पानी पिउने, खेत सिंचाइ गर्नेदेखि पशुहरूले पनि यस नदीको पानीबाट आफ्नो आवश्यकता पूरा गर्दथे । अहिले नदी बग्ने मात्र गरेको छ र यस आसपासका उद्योगहरूबाट निस्कने फोहर वस्तु विसर्जन गर्नेबाहेक आममानिसहरूको कुनै पनि कार्य हुने गरेको छैन । सिमरादेखि वीरगंजसम्मका उद्योगहरूले श्रीसिया प्रदूषित गरेको कुरामा दुईमत छैन । यसो त उद्योगहरू सञ्चालन गर्दा वातावरण प्रदूषणको मापदण्ड तोकिएको छ र नदीसँग जोडिएका उद्योगहरूले आफ्नो उद्योगबाट निस्कने फोहर पानी प्रशोधन गरी नदीमा फाल्ने लिखित सम्झौता गर्दै आएका छन् । उनीहरूलाई उद्योग सञ्चालनका लागि स्वीकृति दिने निकायले पनि प्रदूषणको यो मापदण्ड पूरा भए नभएको स्थलगत निरीक्षण गरेर वातावरण प्रदूषण नहुने स्वीकृति प्रदान गर्दै आएका छन् ।**

**उद्योगहरूमध्ये सूर्य नेपालले मात्र आफ्नो उद्योग परिसरमा पानी प्रशोधन कार्य गर्दै आएको छ । यस उद्योगले प्रशोधित पानी पिउनेबाहेक उद्योगका अन्य प्रयोजनमा खर्चिन्छ । बाँकी उद्योगहरूमध्ये दुई दशकअघि नारायणी लेदर मिलले पहिलोचोटि पानी प्रशोधनको प्रयास गरेको थियो । तीनवटा उद्योगको फोहर पानी मिलमा जडित पानी प्रशोधन केन्द्रमा सञ्चित गर्ने र प्रशोधन गरेर श्रीसिया नदीमा फाल्ने गरिन्थ्यो । तर यो कार्य पनि एकाध वर्षभन्दा बढी टिकाउ भएन । अन्य उद्योगहरूले फोहर पानी सीधै श्रीसिया नदीमा विसर्जन गर्ने गरेकाले नारायणी लेदर मिलले धनराशि खर्चेर पानी प्रशोधन गरी नदीमा फाल्ने झन्झटलाई निरन्तरता दिएन र अहिले त्यहाँको पानी प्रशोधन केन्द्र १८ वर्षदेखि प्रयोगविहीन भएको छ र अब त्यसमा झाडीहरू उम्रेर सञ्चालन गर्न सक्ने अवस्थामैं छैन । श्रीसिया नदी छिमेकी भारत जाने हुँदा एडिबीको सहयोगमा वीरगंज महानगरका घरहरूमा रहेका शौचालयको पानी भूमिगत नालामार्फत श्रीसिया नदीमा विसर्जन गर्दा अन्तर्राष्ट्रिय कानून अनुसार पानी प्रशोधन गर्नुपर्ने बाध्यकारी अवस्था भएकोले वीरगंज–१ छपकैयामा पानी प्रशोधन केन्द्र निर्माण गरिएको थियो । तर सो पानी प्रशोधन केन्द्र पनि बढी क्षमताको भएकोले अहिलेसम्म सञ्चालनमा आउन सकेको छैन । महानगरमा रहेका घरहरूका शौचालयबाट निस्कने फोहर पानी केन्द्रलाई आवश्यकभन्दा एकदमै न्यून भएकोले वर्षात्को बखत आउने बाढीबाहेक पानी प्रशोधन केन्द्र सञ्चालनमा आउनै सकेको छैन । यस्तो प्राविधिक त्रुटिपूर्ण निर्माण गर्ने विरुद्ध पनि कारबाही हुनुपर्ने हो ।**

**श्रीसिया नदीको पानी अहिलेको अवस्थामा प्रयोग गर्न सकिने कल्पना पनि गर्न सकिंदैन । सो नदी प्रदूषित भएको कारण आसपासका बस्तीहरू पनि प्रभावित भएका छन् । गर्मीयाममा हावा चल्दा प्रदूषणले घरमा बसी नसक्नुहुन्छ । यत्रो विघ्न प्रदूषित भएको श्रीसिया नदीलाई स्वच्छ बनाउने कार्य गफमा मात्र सीमित छ । ज्ञापन, धर्ना दिने, प्रदर्शन गर्ने, रिपोर्ट बनाउने, प्रतिवेदन बुझाउने जस्ता कार्यहरू मात्र हुँदै आएका छन् । तर श्रीसिया नदीको प्रदूषणलाई सदाको लागि कसरी बिदा गर्ने भन्ने विषयमा कसैले ठोस कदम भने चाल्न सकेको छैन, जसले गर्दा नदी प्रदूषणयुक्त नै छ ।**

# कुर्सी लक्ष्य केवलम्

स्वतन्त्र विचार




श्रीमन्नारायण
an_shriman@yahoo.com


**वाम गठबन्धनको अवस्था पनि मधेसी दलभन्दा फरक देखिएन । ५ वर्षसम्म राजनीतिक स्थायित्व प्रदान गर्ने घोषणा गरेको वाम गठबन्धनले न देशमा राजनीतिक स्थायित्व प्रदान गऱ्यो, न आर्थिक समृद्धि नै ल्यायो । वाम गठबन्धन पनि ध्वस्त पाऱ्यो ।**

समान विचारधारा भएका राजनीतिक दलहरूबीच एकीकरण, सहकार्य तथा गठबन्धन हुनुलाई स्वाभाविक नै मानिन्छ । गत वर्ष नेकपा एमाले, नेकपा माओवादी केन्द्र र जनमोर्चालगायत वामपन्थी दलहरूबीच भएको गठबन्धन स्वाभाविक थियो । वाम गठबन्धन नामकरण पनि गरिएको थियो । त्यसैगरी उपेन्द्र यादव नेतृत्वको सङ्घीय समाजवादी फोरम र महन्थ ठाकुर नेतृत्वको राष्ट्रिय जनता पार्टीबीच चुनावी गठबन्धन भएको थियो । यसलाई मधेसी गठबन्धन भनिएको थियो । वाम गठबन्धनले देशमा राजनीतिक स्थायित्व ल्याउने र आर्थिक समृद्धिको दिशामा देशलाई बढाउने प्रतिबद्धता गरेको थियो । संविधानमा आवश्यक संशोधन गराई मधेसी समस्याको समाधान गर्ने प्रतिबद्धता मधेसी गठबन्धनले गरेको थियो ।

विगत ५ वर्षमा वाम गठबन्धन टिकेन भने उसले स्थायित्व प्रदान गर्ने कुरा गफ मात्रै साबित भयो । त्यसैगरी सङ्घीय सरकारमा सहभागिताको विषयलाई लिएर विवाद भएपछि मधेसी गठबन्धन पनि ध्वस्त हुन पुग्यो र ८ जिल्लामैं सीमित मधेस प्रदेश सरकारको पनि असामयिक पतन हुन पुग्यो । उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी र केपीशर्मा ओली नेतृत्वको गठबन्धन भनेको गुड (शक्खर) र गोबरको सम्मिश्रण हो । एक कट्टर मधेसी विरोधी र अर्को दिनभरि एमाले र ओलीलाई गाली गर्ने पार्टी सत्ताधारी गठबन्धन पनि १२ मसलाको सम्मिश्रणबाट आएको तेर्‍हौं प्रकारको स्वाद हो अर्थात् बेस्सरी रूघा लागेको मान्छेले खानाको परिकारको स्वाद ठम्याउन नसकेजस्तै यस गठबन्धनको स्वाद पनि पत्ता लगाउन गाह्रो । आफ्नो जन्म नै सत्ता, पद र कुर्सीका लागि भएको भन्ठान्नेहरूले येन केन प्रकारेण चुनाव जित्न गठबन्धन गरेका छन् । यसको आयु न हिजो थियो, न आज छ र न भोलि नै रहने छ, किनभने यो निहित स्वार्थपूर्तिका लागि गरिएको सहयात्रा हो ।

यो चुनावमा र चुनाव भएलगत्तै भत्किन बेर लाग्ने छैन । यो गठबन्धन जनताका हितका लागि होइन पदलोलुपहरूको स्वार्थपूर्तिका लागि भएको हो । सत्ताधारी गठबन्धनमा तिनै दलहरू सामेल छन्, जो विगत तीन दशकदेखि देशको राष्ट्रिय राजनीतिको केन्द्रमा रहिआएका छन् । नेपाली काङ्ग्रेस र नेकपा एकीकृत समाजवादी पार्टी यसै कित्तामा पर्छन् । विगत १६ वर्षदेखि राष्ट्रिय राजनीतिमा आफूलाई शक्ति–केन्द्र बनाउन सफल नेकपा माओवादी केन्द्र पनि यसैभित्र पर्छ । राजनीतिक पार्टीको खरीद–बिक्री र गठन–विगठन गर्दै यहाँसम्म आएको लोसपा पनि सत्ताकै लागि जन्मिएको पार्टी हो । कहिले ओली दरबार त कहिले बालुवाटार चहार्ने लोसपाका नेताहरू अन्ततः जसपाको बहिर्गमनपछि सत्ताधारी गठबन्धनको शरण लागेका छन् । त्यसैगरी वर्षौंदेखि ओली र नेकपा एमालेलाई मधेसीको शत्रुको रूपमा परिभाषित गरेको जसपाले ओलीको संरक्षण र अभिभावकत्व पाउनुलाई गर्वको विषय ठानिरहेको छ ।

केही वर्ष अघि मात्रै सप्तरीको मलेठ घटनामा ओलीलगायत तिनका समूहका नेताहरूलाई दोषी ठहऱ्याई कारबाईको माग गरेको मधेस प्रदेश सरकारले ( जसपा सरकारले) ओलीलाई आफ्नो गठबन्धनको नेता ठान्नु अविश्वसनीय र दुर्भाग्यपूर्ण यथार्थ हो । एमालेसितको यस गठबन्धनले के पनि साबित गरेको छ कि उपेन्द्र यादव नेतृत्वको पार्टीको अहिलेसम्मको कथित आन्दोलन सत्तासम्म पुग्ने एउटा भऱ्याङ मात्रै थियो । नेकपा एमालेले जसपालाई आफ्नो आलिङ्गनमा लिनु वात्सल्य प्रेम हो कि धृतराष्ट्र आलिङ्गन हो । त्यो त चुनावको परिणामले नै देखाउने छ, तर तत्कालको निम्ति नेकपा एमालेको कथित राष्ट्रवादको नीति पनि सङ्कीर्णतामा आधारित साबित भएको छ । अब मधेस आन्दोलनताका सीमा नाका बन्दको अध्यायले पनि वैधानिकता प्राप्त गरेको छ भने नेकपा एमाले पनि अब मधेसी विरोधी पार्टी रहेन । अब मलेठको शहीद मञ्चबाट केपीशर्मा ओली, उपेन्द्र यादव, सत्यनारायण मण्डल र लालबाबूराउत गद्दीले संयुक्तरूपमा मलेठ घटना र मधेस आन्दोलनका शहीदप्रति श्रद्धाञ्जलि व्यक्त गर्नेछन् । मधेस आन्दोलनताका नेकपा एमालेका नेताहरूले व्यक्त गरेका शब्दहरू अब उपेन्द्र यादव र तिनका पार्टीका निम्ति आशीर्वचन साबित भइरहेको छ । त्यसैगरी मधेस आन्दोलनताका एमाले र तिनका नेताहरूमाथि लगाइएका सबै आरोप पनि सत्य नै साबित भएको छ ।

महन्थ ठाकुर र राजेन्द्र महतोको बोलीको कुनै अर्थ हुँदैन, न यिनीहरूको कुनै राजनीतिक अडान नै छ । आफ्नो स्वविवेकले न यिनीहरू कुनै निर्णय लिन्छन्, न कुनै कुरा बोल्छन् । केही सीमित र स्वार्थी सल्लाहकारबाट घेरिएका यी नेताहरू पनि उपेन्द्र यादवजस्तै मधेसको निम्ति एउटा समस्या नै भएका छन् । पूर्ण पक्षघात भएका गऱ्हौं शरीर भएका बुजुर्गको स्याहार सुसार गर्न जति समस्या हुन्छ त्यति नै समस्या अहिले कथितरूपमा आफूलाई मसिहा ठानिरहेका मधेसी नेताहरूको शारीरिक उपस्थितिले मधेसलाई भइरहेको छ । मधेसका युवा र किसानको भविष्यबारे यिनीसित कुनै नीति छैन । आर्थिक नीतिबारे भिजन छैन । उद्योगीकरणबारे अलिकति पनि सोच्ने फुर्सद देखिएन । ५ वर्षसम्म सरकार चलाउनु मात्रै उपलब्धि होइन । सरकारले जनताको हितमा कति काम गऱ्यो त्यस कुराको महत्त्व हुन्छ । कागजमा जथाभावी आयोगहरू गठन भए तर त्यसबाट न कुनै पूर्वाधार विकास भएको छ, न व्यापक रूपमा गृहकार्य नै भएको छ । आयोगका पदाधिकारीहरू केवल तलब र भत्ता बुझ्न सफल भएका छन् । यस चुनावमा मधेसी दलहरूसित कुनै राजनीतिक मुद्दा देखिएको छैन । शायद त्यही भएर होला यिनीहरू मधेसी गठधबन्धनको नाममा ५ वर्ष अघि चुनाव त जितेका थिए तर ५ वर्षसम्म सरकार चलाउन सकेनन् । मधेसी गठबन्धनलाई एकीकृत मधेसी दल बनाउने प्रयास त गरे, तर न दल नै बनाउन सके, न गठबन्धन नै जोगाउन सके ।

वाम गठबन्धनको अवस्था पनि मधेसी दलभन्दा फरक देखिएन । ५ वर्षसम्म राजनीतिक स्थायित्व प्रदान गर्ने घोषणा गरेको वाम गठबन्धनले न देशमा राजनीतिक स्थायित्व प्रदान गऱ्यो, न आर्थिक समृद्धि नै ल्यायो । वाम गठबन्धन पनि ध्वस्त पाऱ्यो । पार्टी एकीकरण गर्ने प्रयास नभएको होइन, तर पार्टी एकीकरणपश्चात् बनेको नेकपा त झन् जन्मजात दीर्घरोगी साबित भयो । एकीकृत वामपन्थी पार्टी त टाढाको कुरा, पुरानो वामपन्थी गठबन्धन पनि रहेन । वाम गठबन्धनको नाममा नेपाली जनताले गरेको मतदानको उपेक्षा गर्ने काम भयो । जनादेशको जति ठूलो अपमान नेपालको राजनीतिमा हुने गर्दछ त्यति विश्व राजनीतिमा अरू कहीं भएको पाइँदैन । चुनावको बेला हुने गठबन्धन चुनावपश्चात् पनि अस्तित्वमा रहन्छ भन्ने यकीन छैन ।

# पर्सामा केही उम्मेदवारले आफैंलाई मत हाल्न नपाउने

वीरगंज, २७ असोज/रासस

आउँदो मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा पर्साका केही उम्मेदवारले आफैंलाई मत हाल्न नपाउने भएका छन् ।

चार प्रतिनिधिसभा र आठ प्रदेशसभा क्षेत्र रहेको जिल्लामा उम्मेदवार बनेका निर्वाचन क्षेत्रमा मतदाता नामावलीमा नाम नभएका कारण केही उम्मेदवारले मत हाल्न नपाउने भएका हुन् । पर्सा निर्वाचन क्षेत्र नं १ मा सत्ता गठबन्धनबाट प्रतिनिधिसभा सदस्यतर्फ उम्मेदवारी दिएका लोकतान्त्रिक समाजवादी पार्टीका वरिष्ठ नेता लक्ष्मणलाल कर्णले यसपटक आफैंलाई मत हाल्न नपाउने भएका छन् । उनी क्षेत्र नं ४ को जगरनाथपुर गाउँपालिका–२ जानकी टोलाका मतदाता हुन् ।

यसैगरी, पर्सा क्षेत्र नं १ को प्रदेशसभा (ख)मैं सत्ता गठबन्धनका तर्फबाट उम्मेदवारी दिएका नेपाली काङ्ग्रेसका रामनारायण कुर्मीले पनि आफैंलाई मत दिनबाट वञ्चित हुने भएका छन् । उनको नाम मतदाता नामावलीमा क्षेत्र नं १ वीरगंज महानगरपालिका–१४ पिपरामा रहेको छ ।

यस्तै, पर्सा क्षेत्र नं २ प्रदेशसभा (क) मा सत्ता गठबन्धनकै तर्फबाट उम्मेदवारी दिएका नेपाली काङ्ग्रेसकै उम्मेदवार श्याम पटेलले पनि आफैंलाई मत हाल्न नपाउने अवस्था छ । पटेलको मतदाता नामावली प्रदेशसभा २ (ख)मा पर्ने बहुदरमाई नगरपालिका–२ ध्यानसिंह पिपरामा छ ।

त्यस्तै, सत्ता गठबन्धनकै तर्फबाट पर्सा क्षेत्र नं ३ प्रदेशसभा (क)मा उम्मेदवारी दिएका माओवादी केन्द्रका उम्मेदवार छोटेलाल यादवले पनि आफूलाई मत हाल्न नपाउने देखिन्छ । उनको मतदाता नामावली क्षेत्र नं ३ प्रदेशसभा (ख)मा पर्ने विन्ध्यवासिनी गाउँपालिका–५ मा छ ।

क्षेत्र नं ३ प्रदेशसभा (ख)मा उम्मेदवारी दिएका नेपाली काङ्ग्रेस पर्साका सभापति जनार्दनसिंह क्षत्री र एकीकृत समाजवादीका प्रह्लाद गिरीले पनि आफूलाई मत दिन नपाउने भएका छन् । क्षत्रीको मतदाता नामावली क्षेत्र नं ४ जगरनाथपुर गाउँपालिका–६ मा छ भने र गिरीको मतदाता नामावली वडा नं ५ मा छ ।

यसैगरी, क्षेत्र नं ४ प्रदेशसभा (ख)मा सत्ता गठबन्धनकै तर्फबाट उम्मेदवारी दिएकी माओवादी केन्द्रकी




चाँदतारा कुमारीले पनि आफैंलाई मत दिन नपाउने अवस्था छ । उनको मतदाता नामावली क्षेत्र नं १ प्रदेशसभा (ख)मा पर्ने वीरगंज महानगरपालिका–४ मा छ ।

# निश्शुल्क आँखा परीक्षण

प्रस, परवानीपुर, २७ असोज/

विश्व दृष्टि आँखा दिवसको अवसरमा नेपाल नेत्र ज्योति सङ्घ मातहतको केडिया आँखा अस्पताल, परवानीपुरले बारा र पर्सामा निश्शुल्क आँखा परीक्षण शिविर सम्पन्न गरेको छ ।

पर्साको वीरगंज महानगर, बहुदरमाई नपा, बाराको परवानीपुर गापा, कलैया उपमहानगरपालिका, कोल्हवी नपा, निजगढ नपा गरी सात स्थानमा अस्पतालका स्वास्थ्यकर्मीहरूले आँखा परीक्षण गरेका हुन् ।

यस वर्षको विश्व दृष्टि दिवस 'आँखालाई माया गरौं' नाराका साथ मनाइएको हो । जसमा देशभरिका स्थानीय तहका कर्मचारी र जनप्रतिनिधिहरूको आँखा परीक्षणको कार्यक्रम तय भएको थियो ।

पर्साको छिपहरमाई गापामा भोलि आँखा परीक्षण शिविर रहेको केडिया आँखा अस्पतालका वरिष्ठ व्यवस्थापक प्रकाशकुमार वर्माले जानकारी गराए । उनका अनुसार पर्सा र बाराका विभिन्न पालिका गरी कुल २७७ जनाको आँखा परीक्षण गरिएको थियो । आँखा परीक्षणको समयमा निश्शुल्क औषधि पनि वितरण गरिएको थियो ।



सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# विश्व अर्थ व्यवस्थामा मन्दी आउने सम्भावना

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**वर्तमान विश्व परिस्थिति हेर्दा अहिले कृषि क्षेत्र उपेक्षित हुन पुगेको छ। दक्षिण एशियाको सर्वाधिक ठूलो अर्थतन्त्र भारतमा पनि कृषि क्षेत्र अहिले युवापीढीको प्राथमिकतामा पर्दैन। त्यहाँका युवाहरूलाई अहिले 'आइटी' क्षेत्रले चुम्बकले झैं तानेको छ।**

मुद्रास्फीति नियन्त्रण गर्न विश्वका केन्द्रीय बैंकहरूले ब्याजदरमा वृद्धि गर्ने क्रम जारिराखेका छन्। अर्थात् अहिले मुद्रास्फीति नियन्त्रण गर्न सकिएको छैन। युक्रेन–रूस युद्ध रोकिने कुनै सङ्केत देखिएको छैन। उल्टो, यी देशहरू परम्परागत युद्धबाट परमाणु युद्धतर्फ लम्किँदै छन्। रूसले युक्रेनमाथि परमाणु अस्त्र प्रहार गर्ने चेतावनी दिइरहेको छ।

विश्वका तीन ठूला अर्थ व्यवस्था–संयुक्त राज्य अमेरिका, चीन र युरोपियन युनियन तीव्ररूपमा सुस्त हुँदैछन्। युरोपियन युनियनबाट छुट्टिएको ग्रेट ब्रिटेनको अर्थ व्यवस्था पनि सङ्कटग्रस्त छ। संरा अमेरिकामा चालीसवर्ष यताकै सर्वाधिक मूल्य वृद्धि भएको छ। वस्तु र सेवाका मूल्य उच्चस्तरमा बढेका छन्।

विश्व आपूर्ति व्यवस्था सुस्त मात्र होइन, कुनै क्षेत्रमा अनिश्चित पनि हुन पुगेको छ। अहिले विश्वभरि नै उत्पादन र उत्पादकत्व दुवैमा निकै कमी आएको छ। विकासशील देशका अर्थतन्त्रहरूले अहिले आर्थिक सङ्घर्ष नै गरिरहेका छन्। यी सबै किसिमका स्थिति सन् २०२३ मा विश्वभरि मन्दी ल्याउने कारण बन्दैछन्। अर्थविज्ञ, अर्थशास्त्री एवं यस क्षेत्रसँग सम्बद्ध व्यक्तिहरू सन् २०२३ मा विश्व अर्थ व्यवस्थमा मन्दी आउने भविष्यवाणी गर्दैछन्। सन् २०२३ मा सन् १९८२ र सन् २००८ झैं विश्व अर्थ व्यवस्थामा मन्दी आउने उनीहरूले अग्रिम चेतावनी दिइरहेका छन्।

के साँच्चै सन् २०२३ मा विश्व अर्थ व्यवस्थामा मन्दी आउने छ ? हो, सन् २०२३ मा मन्दी आउने वातावरण तयार हुँदैछ। वर्तमान विश्व परिस्थितिले गर्दा सन् २०२३ मा मन्दी आउने सम्भावना बढेर गएको छ। आउनुहोस्, मन्दी आउन सक्ने कारण वा आधार खोजौं।

**युक्रेन–रूस युद्धः** युरोपका लागि ठूलो इन्धन आपूर्तिकर्ता रूस र विश्वको खाद्य भण्डार मानिएको युक्रेन दुवै युद्धरत छन्। र यी दुई राष्ट्रबीच युद्ध समाप्त हुने अवस्था देखिएको छैन। विश्व अर्थ व्यवस्थमा महत्त्वपूर्ण भूमिका खेल्न यी दुई राष्ट्र युद्धरत हुँदा विश्व उत्पादन र वितरण व्यवस्था नराम्ररी प्रभावित हुन पुगेको छ। इन्धनका लागि रूसको भर पर्ने युरोपेली राष्ट्रहरूको उत्पादन व्यवस्था नराम्ररी प्रभावित हुन पुगेको छ किनभने ती राष्ट्रहरूले रूसबाट इन्धन खरीदमा ठूलो कटौती गरेका छन्। यसैगरी खाद्यान्नका लागि युक्रेनको भर पर्ने राष्ट्रहरूमा खाद्यान्न सङ्कट उत्पन्न भएको छ। युद्धरत युक्रेनले खाद्यान्न उपत्पादन पूर्ववत् स्थितिमा गर्न सकेको छैन भने जेजति उत्पादन गरिरहेको छ त्यो पनि सहजै विभिन्न राष्ट्रहरूमा आपूर्ति गर्न सकेको छैन। युद्धले गर्दा युक्रेनको निर्यात व्यवस्था नराम्ररी प्रभावित हुन पुगेको छ।

युक्रेनबाट खाद्यान्न नआइपुग्दा लेबनानमा खाद्यान्न सङ्कट नै उत्पन्न भएको छ। पहिलेदेखि नै टाट पल्टिने स्थितिमा रहेको लेबेनान युक्रेन–रूस युद्धले गर्दा चरम आर्थिक सङ्कटको नजीक पुगेको छ। त्यहाँका बैंकहरू निक्षेपकर्ताको रकम उनीहरूले माग गर्दा दिन नसक्ने स्थितिमा पुगेका छन्। लेबनानका बैंकहरूमा तरलताको चरम सङ्कट छ।

युक्रेन–रूस युद्धले गर्दा यी दुवै राष्ट्रले आफूसँग रहेको रकम केवल हातहतियार निमार्ण एवं खरीदमा खर्च गरिरहेका छन्। उत्पादन कर्यमा खर्च गर्न सकिरहेका छैनन्। अर्कोतिर यी राष्ट्रले ठूलो आर्थिक क्षति बेहोर्नुपरिरहेको छ।

युक्रेन–रूस युद्ध नरोकिने हो भने सन् २०२३ मा विश्व अर्थ व्यवस्थमा मन्दी आउने त छ नै, साथै त्यो मन्दीको स्थिति ज्यादै कष्टकर हुनेछ। विकासशील मात्र होइन, विकसित मुलुकका नागरिकको पनि आर्थिक जीवन पीडादायी हुनेछ।

**कोभिड १९ पछिको स्थिति :** सन् २०१९ मा प्रारम्भ भएको कोभिड सङ्कटले विश्व अर्थ व्यवस्थालाई गतिहीन पारेको थियो। सन् २०२० को अन्तसम्म पनि कोभिड १९ वा कोरोना–सङ्कटले अति सुस्त पारिदिएको विश्व अर्थ व्यवस्थाको गति सुस्त नै रह्यो, तीव्र हुन सकेन। सन् २०२२ देखि केही सुधार देखिए पनि युक्रेन–रूस युद्धले विश्व अर्थ व्यवस्थामा सुधार देखिएन। कोभिड १९ को असर समाप्त भए तापनि युक्रेन र रूसको युद्धले गर्दा बजारहरू अनिश्चितताको घेराभित्र परे। लगानीकर्ताहरूले लगानी गर्न चासो देखाएनन् भने उत्पादकहरू ठूलो परिमाणमा उत्पादन गर्न अनिच्छुक रहे। अर्थात कोभिड १९ ले सुस्त पारेको विश्व अर्थ व्यवस्थालाई युक्रेन र रूस युद्धले झनै सुस्त पार्न एक किसिमको अवरोधको कार्य गर्‍यो।

युक्रेन–रूस युद्ध नरोकिने हो भने सुस्त किसिमले अगाडि बढिरहेका विश्वभरिका उत्पादक एवं वितरकहरू झनै सुस्त हुनेछन् र उनीहरूको सुस्तताले विश्व अर्थ व्यवस्थालाई तीव्रगतिमा मन्दीतिर पठाउने छ।

**उपेक्षित कृषि क्षेत्र :** कृषि क्षेत्रमा गरिने लगानीको प्रतिफल प्राप्त गर्न लामो समय कुर्नुपर्छ। विकसित र विकासशील, दुवै राष्ट्रका कृषकहरूले आफ्नो लागनीको प्रतिफल पाउन लामो समय कुर्नुको विकल्प हुँदैन। र प्रतिफलको लागि लामो समयसम्म कुर्नुपर्ने स्थितिको अर्थ कम अवधिमा ठूलो मुनाफा गर्न नसक्नु हो। अर्थात् सानो अवधिमा ठूलो मुनाफा प्राप्त गर्नका लागि उद्योग वा व्यापारमा लगानी गर्नुपर्ने हुन्छ। सानो अवधिमा उच्च मुनाफा दिने क्षेत्र अहिले व्यापार भएको छ। विश्वभरिका ठूला लगानीकर्ताहरूले अहिले व्यापारमा ठूलो परिमाणमा पूँजी लगानी गरिरहेका छन्। विश्वविख्यात कम्पनीहरू–एपल, माइक्रोसफ्ट, अल्फाबेट, एमेजन, टेस्ला आदिले व्यापारमा प्रचुर लगानी गरेर कम समयमा ठूलो आर्जन गर्न सकेका हुन्।

वर्तमान विश्व परिस्थिति हेर्दा अहिले कृषि क्षेत्र उपेक्षित हुन पुगेको छ। दक्षिण एशियाको सर्वाधिक ठूलो अर्थतन्त्र भारतमा पनि कृषि क्षेत्र अहिले युवापीढीको प्राथमिकतामा पर्दैन। त्यहाँका युवाहरूलाई अहिले 'आइटी' क्षेत्रले चुम्बकले झैं तानेको छ। त्यति मात्र होइन, भारतका मेधावी युवा अध्ययनका लागि अमेरिका आउने र अध्ययन पश्चात् अमरिकामैं स्थायी बसोवास गर्ने एक किसिमको चलन मात्र होइन, संस्कृति नै हुन पुगेको छ। भारतका मेधावी छात्रहरू कृषि पेशामा गएको उदाहरण शून्य बराबर छ। कुशल र मेधावी जनशक्तिको भारतको कृषि क्षेत्रमा उपयोग हुने हो भने यो देश दक्षिण एशियाको अन्न भण्डार हुन सक्छ। अमेरिकाझैं भारतले पनि उन्नत किसिमले खाद्यान्न उत्पादन गर्न सक्छ। भारतको अनुकूल मौसम र भूमिले उत्पादन गर्न सघाउँछ पनि।

भारतझैं नेपालमा पनि कृषि पेशाले महत्त्व पाउन सकेको छैन। भारतका युवाझैं नेपाली युवा पनि कृषि क्षेत्रलाई आकर्षक मान्दैनन्। नेपालको स्थिति त झनै डरलाग्दो छ। नेपालमा त कृषि जनशक्तिको ठूलो अभाव नै छ। नेपालका युवा ठूलो सङ्ख्यामा मलेशिया र खाडीका मुलुकहरूमा पुगेको हुनाले नेपालमा कृषि–श्रमिक र व्यवस्थापक, दुवैको ठूलो अभाव छ। नेपालका मेधावी युवाले कृषि पेशालाई महत्त्व दिएको इतिहासमैं देखिंदैन। उल्टो अमेरिका, युरोप, अस्ट्रेलियातिर पलायन भएका छन्।

भारत र नेपाल प्रतिनिधि उदाहरण मात्र हुन्। कृषि क्षेत्र अहिले विश्वभरि उपेक्षित हुन पुगेको छ। सूचना प्रविधिको क्षेत्रमा भएको तीव्र विकासले संसारभरिका मानिसको ध्यान कृषिबाट विमुख भएको छ। ज्यान नै उच्च जोखिममा राखेर भए पनि, सुखद भविष्यका लागि अफ्रिकाका अनेक देशबाट युरोप र अमेरिका पुग्ने अफ्रिकी युवा सङ्ख्या पनि अति ठूलो छ।

अफ्रिकामा पनि कृषि क्षेत्रले महत्त्व पाउन सकेको छैन। अर्कोतर्फ धार्मिक क्ट्टरताको भासमा डुबेका केही अफ्रिकी देशहरूले राम्ररी कृषि भूमिको उपयोग गर्न सकेका छैनन्। सोमालियामा खाद्यान्न सङ्कटले गर्दा भोकमरीको स्थिति छ। त्यहाँको कट्टर धार्मिक सङ्गठन अल–सबाबले कतिपय स्थानमा कृषकहरूलाई भूमिको उपयोग गर्न दिएको छैन। सोमालियाको २० प्रतिशत भाग अल–सबाबको नियन्त्रणमा छ र त्यहाँ अल–सबाबको शासन चल्छ।

सोमालियाको जस्तै स्थिति अफ्रिकाका अन्य देशहरूमा पनि छ। अफ्रिकाको स्थितिले पनि सन् २०२३ मा विश्व अर्थ व्यवस्था मन्दीमा जान सहयोग पुर्‍याउने छ।

**युद्ध र कुशासन :** नेपाल, अफगानिस्तान, श्रीलङ्काजस्ता राष्ट्रले राम्रो नेतृत्व पाउन नसकेको हुनाले यी र यस्ता राष्ट्रको उत्पादन व्यवस्था नराम्ररी प्रभावित हुन पुगेको छ। नेताहरूको चरम स्वार्थले गर्दा यी र यस्ता राष्ट्रहरूले आफ्ना उत्पादनका साधन–भूमि, श्रम, सङ्गठन र पूँजीको राम्रो उपयोग गर्न सकेका छैनन्, गरीबी कम पार्न सकेका छैनन्।

यो चेतनाको युगमा पनि युद्ध रोकिएको छैन। युक्रेन र रूस मात्र होइन, अहिले यमन, सिरिया, इजराइल, लेबनान, पेलेस्टिन र अफ्रिकाका विभिन्न मुलुक युद्धरत छन्।

युद्ध र कुसाशनले पनि सन् २०२३ मा मन्दी ल्याउन सहयोग पुर्‍याउन सक्छ।

यसरी माथिका आधार एवं कारणहरूले गर्दा सन् २०२३ मा विश्व अर्थ व्यवस्थमा मन्दी आउने सम्भावना प्रबल भएर गएको छ। पूर्व तयारीस्वरूप विज्ञहरूले विभिन्न नीतिगत सुधार नगर्ने हो भने सन् २०२३ मा विश्व अर्थ व्यवस्थमा मन्दी आउने छ।

# चालू वर्षमा नेपालको वृद्धि ५.१ प्रतिशतले हुने

काठमाडौं, २७ असोज/रासस

अर्थमन्त्री जनार्दन शर्माले विश्व बैंक समूहको विश्व बैंक तथा अन्तर्राष्ट्रिय मुद्रा कोषको दक्षिण पूर्वी एशियाली समूहको ५३औं गभर्नर्स सत्रको अध्यक्षता गरेका छन्।

अमेरिकी राजधानी वाशिङ्टन डिसीमा आयोजित विश्व बैंक तथा



विश्व बैंक तथा अन्तर्राष्ट्रिय मुद्रा कोषको वार्षिक सम्मेलनको दृश्य। तस्वीरः रासस

अन्तर्राष्ट्रिय मुद्रा कोषको वार्षिक सम्मेलनमा आयोजित उक्त सत्रमा सदस्य राष्ट्रहरूले सामना गर्नुपरेको बहुपक्षीय विश्वव्यापी समस्याको विषयमा छलफल भएको थियो। उक्त सत्रमा सहभागीले विश्वव्यापीरूपमा सिर्जना भएको समस्याको समाधान गर्न वित्तीय सहायता प्रदान गरेर नेपालजस्ता देशका समस्या सम्बोधन गर्नुपर्ने कुरामा जोड दिएका थिए।

यसैगरी, अर्थमन्त्री शर्माले साइडलाइन कार्यकारी संवाद सत्रमा सहभागी भएर जलवायु उत्सर्जनको समस्यासँग जुध्न र सदस्य राष्ट्रहरूले चालेका कदमका बारेमा छलफल गरेका थिए। कार्यक्रममा नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी, अर्थसचिव कृष्णहरि पुष्कर, अमेरिकाका लागि नेपालका राजदूत श्रीधर खत्रीलगायत उच्च अधिकारी सहभागी थिए।

विश्व बैंकको प्रक्षेपण अनुसार चालू वर्षमा नेपालको वृद्धि पाँच दशमलव एक प्रतिशतले हुने उल्लेख गरिएको छ। नेपालको पर्यटन र सेवा क्षेत्रको वृद्धि तथा जलविद्युत् क्षेत्रको उत्पादन वृद्धिले कोरोनापश्चात्को आर्थिक वृद्धिदर सकारात्मक रहने उसको प्रक्षेपण छ।

नेपालको आर्थिक विकासका लागि संरचनागत चुनौती रहेको उल्लेख गर्दै विश्व बैंकले कर प्रणालीको आधुनिकीकरण, वैदेशिक प्रत्यक्ष लगानी र सङ्घीय बजेटको पूर्ण कार्यान्वयनले मात्र दिगो र समावेशी वृद्धिको मार्ग रहेको उसको ठम्याइ रहेको छ।

### अर्थमन्त्री शर्मा र अमेरिकी सहयोग नियोग प्रमुखबीच भेटघाट

वाशिङ्टन डिसी/

विश्व बैंक समूहको विश्व बैंक तथा अन्तर्राष्ट्रिय मुद्रा कोषको वार्षिक बैठकमा भाग लिन अमेरिका आएका अर्थमन्त्री जनार्दन शर्मा र अमेरिकी सहयोग नियोग (युएसएआइडी)का प्रमुख प्रशासक समान्ता पावरबीच भेटघाट भएको छ।

युएसएआइडीको मुख्यालय वाशिङ्टन डिसीमा भएको भेटघाटमा द्विपक्षीय हित र सहयोगका लागि मजबूद आधारशीला तय गर्ने विषयमा छलफल भएको थियो। भेटघाटमा अर्थमन्त्री शर्माले नेपालको आर्थिक, सामाजिक विकासमा अमेरिकाले पुर्‍याएको सहयोगबारे प्रशंसा गरेका थिए।

साथै अर्थमन्त्री शर्माले उक्त अवसरमा आगामी दिनमा नेपालको आर्थिक विकासका लागि प्रभावकारी सहयोग गर्न अनुरोध गरे। अर्थमन्त्री शर्माले सूचना प्रविधि, जलवायु परिवर्तनका चुनौती सामना गर्न र नेपालको प्राथमिकताका क्षेत्रमा सहयोग गर्न आग्रह गरेको अमेरिकास्थित नेपाली राजदूतावासले जनाएको छ। अर्थमन्त्री शर्माले प्रमुख प्रशासक समान्ता पावरलाई उपयुक्त समयमा नेपाल भ्रमणको हार्दिक निमन्त्रणसमेत गरे।

यसैगरी, पावरले नेपालका अर्थमन्त्रीसँगको भेटघाट फलदायी रहेको, नेपाल–अमेरिका साझेदारी र नेपालको प्रजातान्त्रिक अभ्यासको प्रगतिका लागि सहयोग रहने बताइन्।

सामाजिक सञ्जालमार्फत पावरले लेखेकी छन्, "तत्कालका चुनौतीको सामना गर्न दुवै देश मिलेर काम गर्न तयार भएका छौं।" यस्ता चुनौती जलवायु परिवर्तन र खाद्य सुरक्षा गरेको युएसएआइडीका प्रमुख प्रशासक पावरले उल्लेख गरेकी छन्।

उक्त भेटघाट कार्यक्रममा नेपालको तर्फबाट अर्थसचिव कृष्णहरि पुष्कर, अमेरिकाका लागि नेपालका राजदूत श्रीधर खत्री तथा भ्रमण दलमा सहभागी अन्यको समेत उपस्थिति थियो।

नेपालको आर्थिक सामाजिक विकासमा युएसएआइडीको महत्त्वपूर्ण सहयोग रहेको छ। गत मे महीनामा मात्र उक्त नियोगले आगामी पाँच वर्षका लागि नेपाललाई ६५ करोड ९० लाख डलरको सहयोगको घोषणा गरेको थियो। उक्त सहयोग नेपालले आफूलाई अल्पविकसित देशबाट मध्यमस्तरको विकासशील राष्ट्रमा स्तरोन्नति गर्न उपयोग गर्नेछ।

# माथिल्लो दोर्दी 'ए' को बिजुली परीक्षण शुरू

लमजुङ, २७ असोज/रासस

लिबर्टी इनर्जी हाइड्रोपावरद्वारा निर्माण गरेको माथिल्लो दोर्दी 'ए' को उत्पादित बिजुली परीक्षण आजदेखि शुरू भएको छ। दोर्दी गाउँपालिका–६ ढोडेनीस्थित २५ मेगावाट क्षमताको सो आयोजना एक महीना अघि निर्माण सम्पन्न भएको थियो।

आयोजनाका प्रवर्द्धक राजेन्द्र वस्तीले भने–"हामीले बल्लबल्ल आयोजना निर्माण सम्पन्न गर्‍यौं, निर्माण सम्पन्न भएपछि आयोजनाको उत्पादित बिजुली आजदेखि परीक्षण शुरू गरेका छौं।" आज र भोलि दुई दिन मेशीन जडान गर्न समय लाग्ने उनको भनाइ छ। "नेपाल विद्युत् प्राधिकरणको अनुमति र प्राधिकरणबाट कर्मचारीको उपस्थिति भएसँगै परीक्षण शुरू भएको छ। १५ दिन जति परीक्षण गर्छौं, सफल भएपछि व्यावसायिकरूपमैं कात्तिकदेखि बिजुली उत्पादन गर्न थाल्ने छौं"–उनले भने।

यस आयोजनाको बाँकी काम पेनस्टक पाइपमा, टनेलमा पानी भर्ने काम, हेडबक्समा गत वर्ष बाढीले क्षति बनाएपछि उक्त समयमा बिजुली उत्पादन गर्न असफल भए पनि ती सबै काम सम्पन्न गरेर यति बेला उत्पादित बिजुली परीक्षण अघि बढेको आयोजनाले जनाएको छ।

उनले भने–"आयोजनाको बाँधस्थल लोदो खोलाबाट २७०० मिटर लामो भूमिगत सुरुङ र २७०० मिटर लामो पेनस्टक पाइपबाट दोर्दीखोलाको पानी विद्युत्गृहमा झारिएको छ।" यसको सफल परीक्षणसमेत भइसकेको छ। आयोजना रु तीन अर्ब ९६ करोड लगानीमा सम्पन्न गर्ने लक्ष्यका साथ अघि बढे पनि यसको लागतसमेत बढेको बताइएको छ।

सो आयोजना विसं २०७१ देखि निर्माण थाल्दै विसं २०७४ मा सम्पन्न गर्ने लक्ष्य थियो। तर विनाशकारी भूकम्पपछि अघोषित नाकाबन्दी र विसं २०७६ भदौमा आएको बाढीका कारण निर्धारित समयमा निर्माण सम्पन्न हुन सकेन।

सम्झौता अनुसार आयोजना सम्पन्न गर्न नसक्दा पटक–पटक म्याद थप गर्दै आएको थियो। यस आयोजनाको लागत प्रतिमेगावाट रु १८ करोड ५४ लाख लाग्ने कम्पनीको अनुमान छ। आयोजनाको बिजुली हिउँदमा आठ रुपियाँ ४० पैसा र वर्षायाममा चार रुपियाँ ८० पैसा हुनेगरी प्रवर्द्धक कम्पनी लिबर्टी र विद्युत् प्राधिकरणबीच सम्झौता (पिपिए) भएको छ। आयोजनामा १२.५ का दुईवटागरी २५ मेगावाट बिजुली उत्पादन हुने भएको छ। यस दोर्दी करिडरमा यस आयोजनासहित पाँच आयोजना रहेका छन्।

पिपुल्स हाइड्रो पावर कम्पनीद्वारा जिल्लाकै ठूलो निर्माणाधीन ५४ मेगावाटको सुपर दोर्दी 'ख', हिमालयन पावर पार्टनरले निर्माण गरेको २७

(बाँकी चौथो पातामा)

# नयाँ प्रविधिमा पुराना फिल्म

काठमाडौं, २७ असोज/रासस

नेपालमा फिल्म निर्माण (पोस्ट प्रोडक्शन), छायाङ्कनदेखि प्रदर्शनसम्म डिजिटल प्रविधिबाट हुने गर्दछ। नेपालमा 'डिजिटल यात्रा' को सुरुआत भूषण दाहाल निर्देशित 'कागबेनी' र आलोक नेम्वाङ निर्देशित 'सानो संसार'को निर्माण र प्रदर्शनसँगै भएको थियो।

सन् २००८ मा क्वेस्ट इन्टरटेनमेन्टले निर्माण गरेका यी दुई फिल्मसँगै डिजिटल प्रविधि भित्रिएको र निर्माण सहज, व्यवस्थित तथा व्यावसायिक भएको फिल्मकर्मी बताउँछन्। प्रविधि डिजिटलमय भएसँगै चलचित्र विकास बोर्डले पुराना फिल्म संरक्षण र सुरक्षित गर्ने उद्देश्यले डिजिटाइजेशन तथा रेस्टोरेशन गरेको छ।

सेल्युलाइड प्रविधिमा रहेका महत्त्वपूर्ण फिल्म आमा, के घर के डेरा, बदलिंदो आकाश, जीवनरेखा, सिन्दूर, कुमारी, मनको बाँध, परिवर्तन, हिजोआज भोलि र शान्तिदीपलाई डिजिटाइज गरेर सुरक्षित राखेको बोर्डका चलचित्र

(बाँकी चौथो पातामा)

# समाजवाद उन्मुख अर्थतन्त्र र दलीय दायित्व

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**बजेटमा छुट्याइएको सेवासुविधा जनताको हातमा पुऱ्याउन, स्थानीय पालिकासँग मिलेर विकास निर्माण गर्न, जनजनको आँसु पुछ्न र जनजीविकाका सवालका लागि काम गर्न कार्यकर्ता परिचालन गर्ने कुनै पनि दलको प्रमुख कार्यभार बन्नुपर्छ ।**

नेपालको संविधानले समाजवाद उन्मुख सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था भएको समावेशी राष्ट्रको रूपमा आफूलाई स्थापित गरेको छ । संवैधानिक व्यवस्था अनुसार सङ्घीय, प्रदेश र स्थानीय गरी तीन तहको सरकारसहित मुलुक समृद्ध, आत्मनिर्भर, समुन्नत र स्वाभिमानी राष्ट्र निर्माणको बाटोमा अगाडि बढ्ने नीति लिएको छ। हुनत नेपालको संविधानको मूल सार नै समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने उल्लेख भएबाट नेपालको आगामी यात्रा समुन्नत समाजवादी राष्ट्र निर्माणतर्फ केन्द्रित भएको स्पष्ट छ । त्यसैले हाम्रो विकासको अवधारणा अब उपेक्षित, शोषित र बहिष्करणमा परेका समुदायको समानुपातिक समावेशीकरण, जोखिम व्यवस्थापन, सुशासनको प्रत्याभूति, दिगो शान्ति तथा समावेशी र समानुपातिक समन्यायिक विकाससहित राजनीतिक, आर्थिक, सामाजिक, वातावरणीय र प्रशासकीय समुत्थानतर्फ केन्द्रित हुनुपर्दछ । समाजवाद उन्मुख आर्थिक विकासका लागि स्थानीय, प्रदेश र सङ्घीय तहमा आर्थिक, सामाजिक र वातावरणीय विकास तथा प्राकृतिक स्रोत व्यवस्थापनसम्बन्धी आवश्यक ऐन, कानून, नीति, नियम, योजना र कार्यक्रम बनाउनुपर्छ। तर दुर्भाग्य तीनवटै तहका सरकार, राजनीतिक दल र त्यसका नेतृत्वले यसतर्फ गम्भीरता देखाउन सकेका छैनन् ।

पूँजीवादी अर्थतन्त्रमा समेत राज्यले जिम्मा लिने गरेको सार्वजनिक शिक्षा र स्वास्थ्यमा चरम बेथिति हुँदा पनि सरकार मौन छ । सुस्त गतिमा कुल गार्हस्थ्य उत्पादन वृद्धि हुँदा पनि धनी र गरीबबीचको आय असमानता निरन्तर बढिरहेको छ। गाउँ र शहरबीचको आय अन्तर पनि झन्झन् फराकिलो हुँदै गएको छ । बेरोजगारीसँगै महँगी र बेथितिको चाङ लागेको छ। आजीविकाका लागि भारत धाउनुपर्ने अवस्था उस्तै छ। गरीब, विपन्न र कमजोर जनता उठाउने कार्यक्रम भनिए पनि तिनले काम गरेको देखिएको छैन। जातीय छुवाछूत, उत्पीडन र अपहेलना उस्तै छ। गणतन्त्र आएको लामो समय भइसक्दा पनि विपन्न जनताको थालमा भात पुग्न सकेको छैन, उनीहरूको थातवास र औषधिमूलो छैन। समाजवाद, प्रजातन्त्र, लोकतन्त्र, जनताको शासन, आवधिक चुनाव, कानूनको शासन सबै आडम्बरजस्तै देखिएका छन् । लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने भनिए पनि त्यो हात्तीको देखाउने दाँतजस्तै भएको छ । समाजवादको कुरै छोडौं, मूल्य प्रणालीको आधारमा उत्पादनका साधनको बाँडफाँट र प्रतिस्पर्धात्मक विधिबाट योग्यतम र क्षमतावान् व्यक्तिको उपयुक्त स्थानमा चयन, श्रमको सम्मानको परिकल्पना गर्ने पूँजीवादी बाटोमा पनि देश लाग्न सकेको छैन । सार्वभौमसत्ता सम्पन्न जनताको नाममा दलका नेतामा शक्ति केन्द्रीकृत हुने र त्यसै अनुसार निर्णय हुने परिपाटी बस्दा दलभित्रको आन्तरिक लोकतन्त्र पनि हराएको छ । दलहरूको व्यवहार, सरकारको शासनशैली र आर्थिक स्वरूप विश्लेषण गर्दा लोकतान्त्रिकभन्दा पनि मुलुक सामन्ती बाटोमा लम्कन थालेको अनुभूति हुन थालेको छ ।

आज देशमा आर्थिक उत्पादन र आयका नयाँनयाँ क्षेत्र र आयाम थपिएका छन् । ती सबैमा बसीखाने वर्ग र बिचौलियाको दबदबा छ। त्यसैले समुन्नत मुलुक निर्माणका लागि अब तीनवटै तहका सरकार, त्यसको नेतृत्वकर्ता दलले केही आधारभूत कार्य गर्नुपर्ने देखिन्छ । सबैभन्दा पहिले अहिलेको निर्वाचन प्रणालीमा व्यापक सुधारको खाँचो देखिएको छ। निर्वाचन प्रणालीमा अहिले देखापरेको प्रवृत्ति जस्तै-सम्पन्न र पहुँचवालाले मात्र चुनाव जित्ने अवस्था कायमै रह्यो भने वर्तमान लोकतन्त्र पूँजीवादी लोकतन्त्रमा परिणत हुने खतरा रहन्छ । विपन्न तथा आधारभूत समुदायका नेता चुनाव लड्न नसक्ने स्थिति बनेमा चुनावले लोकतन्त्रलाई पूँजीवादीहरूकै स्वार्थको पोल्टामा पुऱ्याउने स्थिति पैदा गर्न सक्छ। राजनीतिक सत्ता वा सरकारसँगको साठगाँठ तथा दलाल शक्तिको गठजोडमा राष्ट्रिय पूँजी खुम्चने र बाह्य पूँजीको आकार बढ्ने खतराबाट देशलाई बचाउने दायित्व अब बन्ने नयाँ सरकारको काँधमा छ । समाजवाद उन्मुख आर्थिक विकासका लागि सबैभन्दा पहिले क्रान्तिकारी भूमिसुधार गर्नुपर्ने आवश्यकता देखिएको छ। किनभने भूमि स्वामित्वसम्बन्धी कानूनी प्रबन्ध र व्याख्याले समाजवादतर्फको यात्रामा अवरोध सिर्जना गर्न सक्दछ । यसले राष्ट्रिय उद्योग, पूँजी र पूर्वाधार विकासमा बाधा पुऱ्याउन सक्छ। अहिले देशको करीब ७० प्रतिशत जग्गा राज्यको र बाँकी निजी स्वामित्वमा छ । निजी स्वामित्वको जमीन प्रयोग गर्ने कार्य कठिन छ । राष्ट्रिय पूँजीको विकासका लागि आवश्यक पूर्वाधार निर्माण गर्न र समाजवादी दिशामा अघि बढ्न भूउपयोगसम्बन्धी नीतिमा आमूल परिवर्तन ल्याउनुपर्छ। प्रयोगको आधारमा जमीनको वर्गीकरण गरेर अहिलेको समस्या समाधान गर्न सकिन्छ । प्रतिफलका आधारमा जमीनको वर्गीकरण गरी पुर्जा वितरण गर्नुपर्छ । कृषि भूमिमा पर्याप्त कर छूट, अनुदान र अन्य पूर्वाधार विकासमा जोड दिनुपर्छ। यसले धेरै कृषि पेशामा आकर्षण र कृषिको आधुनिकीकरण तथा व्यवसायीकरण गर्न मदत पुग्छ। यसका साथै कृषिजन्य उद्योग स्थापनामा मदत पुऱ्याउनका साथै कृषिजन्य वस्तुका लागि मुलुकलाई पूर्ण आत्मनिर्भर बनाउनुपर्छ। त्यस्तै आवास, औद्योगिक, व्यावसायिक खालको जमीनलाई त्यही अनुसार नामाकरण गरी पुर्जा दिनुपर्छ। आवासीय जमीनमा उद्योग खोल्न नपाउने र औद्योगिक जमीनमा घर निर्माण गरी बस्न नपाउने व्यवस्था गर्नुपर्छ ।

यसैगरी घरबारविहीनलाई सरकारले आवास सुनिश्चित गर्नुपर्छ । सरकारले उनीहरूका निम्ति बस्ती विकास गरी आवास उपलब्ध गराउने र रोजगार सिर्जना गरी उनीहरूको जीवन सहज तुल्याउनुपर्छ । सुकुम्बासीका नाममा जबर्जस्ती सरकारी जमीन ओगटेर बस्ने र सुविधा हडप्ने सबैमाथि कडा कानूनी कारबाही गर्न सक्नुपर्छ । कतिपय जिल्लामा पुर्खौंदेखि बसोवास गरिरहेका व्यक्ति तथा परिवारको हकमा निश्चित शुल्क लिएर एकपटकका लागि पुर्जा वितरण गरेर यो समस्या सधैंका लागि अन्त्य गर्नुपर्छ। जग्गा बाँडेर नभई उद्यम र आवासको ग्यारेन्टी गरेर सुकुम्बासी समस्या समाधान गर्नुपर्छ। त्यस्तै जमीन बाँझो राख्नेमाथि कारबाही र जरिवाना गर्ने प्रबन्ध मिलाउनुपर्ने आवश्यकता छ। जमीनमा स्वामित्व नभएकै कारण धेरै मानिस बेरोजगार बनिरहने तर कतिपयको स्वामित्वमा रहेको जमीन बाँझो रहने अवस्थामा सुधार ल्याउन कडा कानूनी व्यवस्था मिलाउन सक्नुपर्दछ। यसले जमीनको सदुपयोगलाई प्रभावकारी बनाई राष्ट्रिय अर्थतन्त्रलाई टेवा पुऱ्याउँछ। भूमिबाट उत्पादन बढाउन सरकारले खास क्षेत्रमा खास उत्पादनको अवधारणा ल्याउनुपर्छ । त्यसका लागि पर्याप्त अनुदान, ऋणलगायत प्रबन्ध गर्नुपर्छ । त्यसैगरी खण्डीकृत कृषि प्रणालीलाई रोकेर सहकारी, लिज वा करारमा खेती गर्ने कार्यलाई प्रोत्साहित गर्नुपर्छ। यसका लागि प्रभावकारी कानूनी व्यवस्था गर्न जरूरी छ ।

नेपालको प्राकृतिक स्रोत साधन (जल-जङ्गल-जमीन) र उद्योग कलकारखानाको उत्पादन र उत्पादकत्व क्षमतामा व्यापक परिमाणमा वृद्धि गर्नुपर्ने हुन्छ। राष्ट्रिय उत्पादकत्व वृद्धि नभएर नेपालको अर्थतन्त्र परनिर्भरतातर्फ उन्मुख भएको छ। कृषिप्रधान मुलुक भएर पनि खाद्यान्नमा परनिर्भर हुनुपरेको तीतो यथार्थ हामीसँग छ। हरियो वन नेपालको धनभन्दा हामीलाई गर्व लाग्ने गर्दथ्यो तर अहिले त्यो इतिहासको पानामा सीमित भइसकेको छ। हरियो वन सक्यो, चुरे विनाश पनि तीव्र गतिमा हुँदैछ। नदीनाला र खोलाको ढुङ्गा-वालुवामा माफियाहरूको बिगबिगी कहिल्यै अन्त्य भएन। मुलुकमा बर्सेनि अर्बौं रुपियाँ मूल्यको काठ र जडिबुटीबाट बनेका औषधि तथा सामग्री आयात भइरहेका छन् । दुई-तीन दशक अघिसम्म चामल निर्यात गर्ने नेपाल अहिले हरेक महीना सरदर दुई अर्ब रुपियाँको चामल आयात गर्ने मुलुकमा परिणत भएको छ । विगत दश वर्षमा कृषिको वार्षिक उत्पादन तीन प्रतिशतभन्दा नबढेको तथ्याङ्क छ। कम्तिमा दुईतिहाई जनता कृषिमा आधारित भएर जम्मा एकतिहाई मात्र कुल गार्हस्थ उत्पादन गर्ने नेपालको कृषि उत्पादन र उत्पादकत्व बढाउने दीर्घकालीन कृषि योजना आयो र गयो पनि, तर उपलब्धि जस्ताको त्यस्तै छ। केही दशक अगाडि राज्यको काम उद्योगधन्दा चलाउने र व्यापार व्यवसाय गर्ने होइन भनेर खर्बौं रुपियाँको सार्वजनिक सम्पत्ति कौडीको दाममा निजी क्षेत्रलाई बेच्ने कार्य भयो । यस्तो अवस्थामा अब सङ्घीय, प्रदेश र स्थानीय सरकारले उपयुक्त नीति, कार्यक्रम बनाई यसको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्छ । यसका साथै प्राकृतिक स्रोत साधनको दिगो व्यवस्थापन तथा उत्पादन र उत्पादकत्व क्षमता अभिवृद्धि गर्नुपर्छ। त्यस्तै पूँजी, प्रविधि र व्यवस्थापनको माध्यमबाट नेपालको कलकारखाना तथा उद्योगको उत्पादन क्षमता र उत्पादकत्व वृद्धि गर्नुपर्छ । सूचना प्रविधिको विकासलाई देश विकासको पक्षमा प्रयोग गर्न सक्नुपर्छ । वित्तीय कारोबारका क्षेत्रमा नगदरहित विद्युतीय कारोबार बढाउन राज्यले कानूनी व्यवस्था गर्नुपर्छ। यसले मुलुकमा व्याप्त भ्रष्टाचार, घूस र अनियमितता नियन्त्रण गर्न मदत पुग्छ। यसका साथै सरकारले औद्योगिक लगानीमैत्री वातावरण निर्माण गर्नुपर्दछ। ठूलो परिमाणमा उद्योग तथा व्यवसाय भएको खण्डमा मात्र धेरैले रोजगार पाउन सक्छन्। विशेषगरी छिटो र धेरै रोजगार सिर्जना गर्न सक्ने कृषि, पर्यटन र आइटी क्षेत्रमा जोड दिनुपर्छ। विकास र समृद्धि कसैको एक्लो प्रयासबाट सम्भव हुँदैन, यसका लागि सबैको साझा प्रयास, समन्वय र सक्रियता आवश्यक पर्छ । अनि मात्र मुलुक समाजवाद उन्मुख आर्थिक विकासको बाटोमा अगाडि बढ्न सक्छ ।


अन्त्यमा अबको बाटो भनेको भ्रष्टाचारी र बिचौलियाको पकडबाट अर्थतन्त्रलाई बाहिर निकाल्नु हो। दलहरूले आफ्ना कार्यकर्तालाई विकास निर्माणमा परिचालन गर्ने र जनताको घरदैलो र सेवाग्राहीसँगै सरकारी कार्यालयमा पुऱ्याउने अभियानमा लाग्नुपर्छ। बजेटमा छुट्याइएको सेवासुविधा जनताको हातमा पुऱ्याउन, स्थानीय पालिकासँग मिलेर विकास निर्माण गर्न, जनजनको आँसु पुछ्न र जनजीविकाका सवालका लागि काम गर्न कार्यकर्ता परिचालन गर्ने कुनै पनि दलको प्रमुख कार्यभार बन्नुपर्छ ।

## नयाँ प्रविधिमा.........

सङ्ग्रहालय, सूचना तथा अन्तर्राष्टियसम्बन्ध अधिकृत चिरञ्जीवी गुरागाईंले जानकारी दिए । ती फिल्म अङ्ग्रेजी भाषामा सबटाइटल गरिएको छ ।

“डिजिटाइजेशनसँगै ती फिल्मका रिल रेस्टोरेशन (पुरानोलाई नयाँजस्तै बनाउने) गरेर राखिएको छ । रेस्टोरेशनले एट के (आधुनिक प्रविधि) वा अन्य विकसित गुणास्तरमा स्तरोउन्नति गर्न सकिने छ । हामीले सरकारी लगानीमैं निर्मित १५ घण्टा बराबरको ९० डकुमेन्ट्रीसमेत डिजिटाइज गरेका छौं”-उनले भने। रेस्टोरेशन गर्दा रिल कोरिएको, प्वाल परेको, टाँसिएको लगायत ड्यामेजलाई हरेक दृश्यमा काम गरेर नयाँजस्तै बनाइन्छ । त्यसलाई डिजिटल प्रविधिमा ल्याएपछि सङ्ग्रहित गरिन्छ ।

पहिलो चरणमा तत्कालीन शाही नेपाली चलचित्र संस्थान र सूचना



मन्त्रालयको सरकारी लगानीमा बनेका फिल्म डिजिटाइज गरिएको छ । डिजिटाइजेशनपछि १६ एमएम र ३५ एमएमका ती फिल्म टु के र फोर के (आधुनिक प्रविधि) ढाँचामा छन् । नेपालमा फिल्मको इतिहासलाई आम सर्वसाधारणसम्म पुऱ्याउन चलचित्र सङ्ग्रहालय स्थापना गर्ने प्रक्रिया थालिएको बोर्डले जनाएको छ ।

अधिकृत गुरागाईंका अनुसार साउथ एशियाका देशमध्ये छिमेकी मुलुक भारतपछि सफलतापूर्वक डिजिटाइजेशन तथा रेस्टोरेशन गर्ने देश नेपाल हो । पहिलो बोर्ड अध्यक्ष यादव खरेलको सक्रियतामा नेपाल टेलिभिजनमा राखिएका रिलको सफाइ गरेर बोर्डमा अर्काइभ गरी राख्ने अवधारणा ल्याएपछि डिजिटाइजेशनको शुरूआत भएको अधिकृत गुरागाईंले बताए ।

उनले भने-“फिल्म सर्वसाधारणलाई देखाउने कार्यविधि निर्माण गर्ने तयारीमा बोर्ड छ। हामी स्वदेशसँगै विदेशमा समेत प्रदर्शन गर्ने तयारीमा छौं ।” सन् २०२१ मार्च ८ अर्थात् अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा डिजिटाइजेशन गरिएको दुई फिल्म आमा र कुमारी प्रदर्शन गरिएको थियो । विसं २०७५ भदौ २८ सम्झौता गरेर २०७६ फागुन ८ गते डिजिटाइजेशन र रेस्टोरेशनको कार्य भारतको चेन्नईस्थित श्रीप्रसाद कर्पोरेशन प्रालिको प्रसाद ल्याबमा सम्पन्न भएको थियो ।

## माथिल्लो.........

मेगावाटको दोर्दीखोला, लिबर्टी इनर्जी लिमिटेडले निर्माण गरेको २५ मेगावाटको माथिल्लो दोदी ‘ए’ जलविद्युत् रहेका छन्। त्यस्तै दोर्दीखोला जलविद्युत् कम्पनीले निर्माण गरिरहेको १२.१ मेगावाटको दोर्दी-१, छ्याङ्दी खोला हाइड्रोपावर कम्पनीको चार मेगावाट क्षमताको जलविद्युत् आयोजना रहेका छन्। यीमध्ये २७ मेगावाटको दोर्दीखोला, छ्याङ्दीखोला हाइड्रोपावर कम्पनीको चार मेगावाट क्षमताको जलविद्युत् आयोजनाको बिजुली राष्ट्रिय प्रसारण लाइनमा जोडिइसकेको छ ।

# आयात रोकिएन, चितवनका केराले बजार पाएन

भरतपुर, २७ असोज ⁄ रासस

भरतपुर-२३ को जगतपुरमा रहेको यज्ञप्रसाद सुवेदीको बगानमा केरा बोटमैं पाकेका छन्। भारतीय केराको आयात नरोकिंदा उनको बगानमा पाकेका केरासमेत सजिलै बिक्री भएका छैनन्। पहेंलै भएर पाकेका केरा चरा र बाँदरको आहारा बनेका छन्। सुवेदीले ५५ बिघामा केराखेती गरेका छन् । सबैभन्दा धेरै क्षेत्रफलमा केरा लगाउनेमध्येका एक उनले केरा बोटमैं पाकेपछि चरा र बाँदर धपाउन दुईजना मान्छे नै परिचालन गरेका छन्। “यो सिजनमा केरा बिक्री र मूल्य राम्रो हुने अपेक्षा थियो तर सोचेजस्तो भएन,” उनले भने ।

केरा उत्पादक सङ्घ चितवनका पूर्वअध्यक्षसमेत रहेका सुवेदीले उत्पादन प्रशस्त रहेको र बजारको मात्र समस्या रहेको बताए । “यो समयमा मेरो मात्रै होइन, नेपालमैं उत्पादन भएको केरा पर्याप्त छ, भारतबाट ल्याउन आवश्यक छैन। तर भन्सार छलेर दैनिक १०-१५ गाडी केरा काठमाडौं भित्र्याइने गरिएको छ,” उनले भने ।

सबैभन्दा धेरै केरा उत्पादन हुने जिल्लामा चितवन दोस्रो स्थानमा पर्छ । केरा बिक्री नभएपछि चितवनका किसानले पटक-पटक भारतीय केरा आयात रोक्न माग गरिरहेका छन् । उनीहरूले एक ⁄ दुई महीनासम्म आवश्यक पर्ने केरा नेपालमैं तयारी अवस्थामा रहेको बताएका छन् । नेपाल केरा उत्पादक महासङ्घका अध्यक्ष विष्णुहरि पन्तले छठ पर्वसम्म भारतीय केरा आयात रोक्न सरकारसँग माग गरे ।

“छठ पर्वसम्म देशलाई आवश्यक पर्ने केरा हामीले उत्पादन गरेका छौं,” उनले भने, “नेपालकै बिक्री नभएको अवस्थामा भारतीय केरा आयात रोक्न सरकार लाग्नुपर्छ ।” उनले केराका लागि भारतसँग नेपालले प्रतिस्पर्धा गर्न नसक्ने बताए । यतिखेर नेपालमा दैनिकरूपमा केरा आयात हुँदै आएको छ। भारतबाट आएको केरासँग चितवनले प्रतिस्पर्धा गर्न सक्दैन,” अध्यक्ष पन्तले भने ।

केरा उत्पादक सङ्घ चितवनका अध्यक्ष माधवप्रसाद घिमिरे भारतीय केराको आयात नरोकिए जिल्लाका केरा व्यवसायी विस्थापित हुने अवस्था आउने बताए । “सरकारले केरा आयात गर्दा एलसी खोलेर मात्र ल्याउन पाउने नियम बनाएको छ । यहाँ विभिन्न नाकाबाट विनाएलसी भारतीय केरा अवैधरूपमा भित्रिएका छन्,” उनले भने, “यो समस्या समाधान हुन नसके व्यावसायिकतातर्फ उन्मुख कृषक पलायन हुने अवस्थामा पुग्नेछन् ।” उनले यस वर्ष धेरै पानी परेका कारण पनि समस्या भएको बताए। “चाडपर्वमा पनि धेरै पानी पऱ्यो, यस कारण यस वर्ष केराको खपत पनि कम भयो,” उनले भने ।

चितवनमा ६०० बिघामा मात्रै हरियो (जिनाइन) केरा लगाएको घिमिरेले बताए। यो केरा एकैपटक पाक्ने भएकाले बजार नपाए सबै बारीमा नै कुहिने उनको भनाइ छ। केरा व्यवसायमा किसानको दिन प्रतिदिन आकर्षण भने बढ्दै गइरहेको उनले बताए । चितवनमा मात्रै ७०० किसानले व्यावसायिकरूपमा केराखेती गरिरहेको उनले जानकारी दिए ।

उत्पादन भएको केराको बजारको ग्यारेन्टी सरकारले गर्नुपर्ने माग केरा उत्पादक किसानको छ । स्वदेशमैं धेरै उत्पादन भएको समयमा आयात रोकिनुपर्ने माग उनीहरूको छ । साथै उत्पादित वस्तु बिक्री नभए सरकारले किनिदिनुपर्ने उनीहरू बताउँछन् । उनीहरूले केराको मूल्य तोकेर कार्यान्वयन गराउनुपर्ने माग पनि सरकारसमक्ष राख्दै आएका छन् ।

चितवनमा मात्रै वार्षिक दुई अर्बको केराको कारोबार हुने गरेको छ। “राज्यले किसानलाई मल र बीउ समयमैं उपलब्ध त गराएको छैन । किसानले जेनतेन उत्पादन गरेको वस्तुको पनि बजारको व्यवस्था गर्न सकेको छैन,” घिमिरेले भने। जिल्लाका अधिकांश किसानले मालभोग र जिनाइन केरा लगाएका छन्। भारतीय केराको उत्पादन लागत कम पर्ने भएका कारण नेपाली व्यापारीले सस्तो मूल्यमा खरीद गर्ने गरेका छन् । महँगो बीउ, मल, सिंचाइ, जग्गा भाँडालगायतका कारण नेपाली केराको उत्पादन लागत भारतीयको भन्दा बढी छ ।

भरतपुर महानगर फलफूल तथा तरकारी बजारका प्रबन्ध निर्देशक थीरप्रसाद धिताल चितवनमा भारतीय

(बाँकी पाँचौं पातामा)


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की-१० |
| ३. डा. आनन्दकुमार झा | ०५१-५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. श्यामसुन्दर दास | | |
| ५. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२० ⁄ ९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११ ⁄ ९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०७२९५०६०

# अन्तर्राष्ट्रिय समाचार

## राष्ट्रसङ्घमा पाकिस्तानको आलोचना

न्यूयोर्क, २७ असोज/एएनआई

संयुक्त राष्ट्रसङ्घको महासभामा महासभा बैठकमा मस्कोविरुद्ध प्रस्तुत प्रस्तावमाथिको छलफलमा भाग लिंदै



संयुक्त राष्ट्रसङ्घका लागि भारतका स्थायी प्रतिनिधि रुचिरा कम्बोज। तस्वीरः एएनआई

रूसमाथिको बहसका क्रममा पाकिस्तानले काश्मीर मुद्दा उठाएपछि भारतले त्यसको आलोचना गरेको छ । भारतले पाकिस्तानको टिप्पणीलाई निरर्थक भन्दै त्यसको कडा शब्दमा आपत्ति जनाएको छ।

रूस–युक्रेन युद्धलाई लिएर बुधवारको पाकिस्तानी कूटनीतिज्ञ मुनिर अकरमले काश्मीरको मुद्दा उठाएपछि भारतले त्यसको प्रतिवाद गरेको हो। मतदानअघि मन्तव्य व्यक्त गर्दै पाकिस्तानका कूटनीतिज्ञले रूसले युक्रेनी भूभाग कब्जा गरेझैं भारतले पनि पाकिस्तानी भूमि काश्मीर कब्जा गरेको आरोप अप्रत्यक्षरूपमा लगाएपछि संयुक्त राष्ट्रसङ्घका लागि भारतका स्थायी प्रतिनिधि रुचिरा कम्बोजले भारतविरुद्ध तुच्छ एवं व्यर्थ टिप्पणी गरिएको बताइन्। जम्मु र काश्मीरको सम्पूर्ण क्षेत्र भारतको अभिन्न अङ्ग हो र त्यो सधैं भारतमा नै रहने बताउँदै उनले पाकिस्तानलाई सीमापार आतङ्कवाद रोक्न आह्वान गरिन्।

संयुक्त राष्ट्रसङ्घले चार युक्रेनी क्षेत्रलाई रूसले गाभेको निन्दा गर्न प्रस्तुत गरेको प्रस्तावमाथिको मतदानका बेला अनुपस्थित रहेको भारतले राष्ट्रसङ्घका सिद्धान्तको पालना हुनुपर्नेमा जोड दिएको छ। बुधवार भएको मतदानमा १४३ देशले प्रस्तावको पक्षमा आफ्नो मत जाहेर गरेका थिए। भारतसहित ३५ देश भने मतदानका बेला अनुपस्थित रहेका थिए। प्रस्तावको विपक्षमा पाँच देशले मतदान गरेका थिए। यद्यपि भारतले युक्रेनमा नागरिक पूर्वाधारलाई निशाना बनाएर सर्वसाधारणको ज्यान जाने गरी द्वन्द्व बढेकामा गहिरो चिन्ता व्यक्त गरेको छ।

युक्रेन युद्ध तत्काल अन्त्य हुनुपर्ने तथा त्यस निम्ति वार्ता र कूटनीतिको बाटोमा सम्बद्ध पक्ष अग्रसर हुनुपर्नेमा भारतले जोड दिएको छ। "तत्काल युद्धविराम र द्वन्द्वको समाधान गर्न शान्ति वार्ताको शीघ्र पुनः सुरुआतको लागि इमानदार प्रयास हुनुपर्छ, तनाव कम गर्ने उद्देश्यले हुने सबै प्रयासलाई भारत समर्थन गर्न तयार छ," भारतीय स्थायी प्रतिनिधि कम्बोजले भनिन्। रासस

## युक्रेनले थप भूभाग फिर्ता गरेको दाबी

युक्रेन, २७ असोज/सिन्हवा

युक्रेनले दक्षिणी क्षेत्रका थप भूभागहरू फिर्ता गरेको छ। धेरै दिनको तीव्र रूसी क्षेप्यास्त्र हमलापछि कीभमा 'जतिसक्दो चाँडो' वायु रक्षा प्रणाली पुऱ्याउने पश्चिमी देशहरूको वाचालाई युक्रेनले स्वागत गरेको बुधवार जनाएको छ।

अमेरिकी नेतृत्वमा करीब ५० देशको समूहले ब्रसेल्समा रहेको नेटो मुख्यालयमा वार्ता गरेको र कीभलाई नयाँ क्षेप्यास्त्र विरोधी प्रणाली उपलब्ध गराउने वाचा गरेको हो। युक्रेन रूसी आक्रमणबाट त्रसित छ। यसमा परी दर्जनौं मारिएका र घाइते भएका छन्। साथै गाउँ र शहरहरू विद्युत् र तातोपानीविहीन छन्।

"प्रणालीहरू उपलब्ध गराइनेछ, जति छिटो हामी तिनीहरूलाई भौतिकरूपमा त्यहाँ पुऱ्याउन सक्छौं," अमेरिकी रक्षामन्त्री लोयड अस्टिनले बैठकपछि जानकारी दिए। पश्चिमी ऐक्यबद्धताको थप प्रदर्शनमा जी–७ ले आवश्यक भएसम्म युक्रेनको साथमा उभिने वाचा गरेको छ। बलियो युक्रेनको दिशातर्फ अघि बढ्नको लागि आर्थिक सहयोग गर्ने अन्तर्राष्ट्रिय मुद्रा कोषकी प्रमुख क्रिस्टालिना जर्जिएभाले वाचा गरेकी छन्।

युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले रूसी क्षेप्यास्त्र आक्रमणलाई आतङ्कवादको कार्यको रूपमा वर्णन गरेका छन्। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – कान्तिक्षय | वृष – सुयश |
| मिथुन – खर्चवृद्धि | कर्कट – धनलाभ |
| सिंह – सफलता | कन्या – अस्वस्थता |
| तुला – रोगभय | वृश्चिक – व्यापारवृद्धि |
| धनु – शत्रुभय | मकर – कार्यनाश |
| कुम्भ – भयचिन्ता | मीन – राज्यलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

### नेपाल निर्माण व्यवसायी सङ्घ, पर्सा
### उम्मेदवार नामावली प्रकाशन

**नेपाल निर्माण व्यवसायी सङ्घ, पर्सा**को कार्यसमितिको मिति २०७९/०६/२९ मा हुने निर्वाचनमा उम्मेदवार हुन निम्न लिखित व्यक्तिहरूले दरखास्त दिनुभएकाले सबैको जानकारीको लागि यो नामावली प्रकाशित गरिएको छ।

**कार्यसमितिका लागि परेका उम्मेदवारी**

| क्र.सं. | उम्मेदवारको नाम, थर | लिङ्ग | पद | मतदाता क्रम सङ्ख्या |
|---|---|---|---|---|
| १) | सुरेश प्रसाद | पुरुष | अध्यक्ष | ५ |
| २) | मोहनप्रसाद यादव | पुरुष | अध्यक्ष | १८ |
| ३) | दिवाकर प्रसाद | पुरुष | अध्यक्ष | २०५ |
| ४) | ज्ञानेन्द्र मिश्र | पुरुष | प्रथम उपाध्यक्ष | १० |
| ५) | हीरालालप्रसाद कुर्मी | पुरुष | प्रथम उपाध्यक्ष | २५ |
| ६) | लालबाबूप्रसाद कुर्मी | पुरुष | द्वितीय उपाध्यक्ष | ४२ |
| ७) | महम्मद आलम देवान | पुरुष | द्वितीय उपाध्यक्ष | १२८ |
| ८) | अच्छेलालप्रसाद चौरसिया | पुरुष | द्वितीय उपाध्यक्ष | १५८ |
| ९) | विश्वराज यादव | पुरुष | सचिव | ४६ |
| १०) | प्रदीपकुमार पटेल | पुरुष | सचिव | १९५ |
| ११) | रञ्जीतकुमार पटेल | पुरुष | सचिव | ११८ |
| १२) | मुकेशप्रसाद कुर्मी | पुरुष | सचिव | १७५ |
| १३) | सन्नी यादव | पुरुष | सचिव | १६ |
| १४) | लखनलाल गुप्ता | पुरुष | सचिव | १४६ |
| १५) | अनिलकुमार चौरसिया | पुरुष | सचिव | १३६ |
| १६) | राजकिशोरप्रसाद कुर्मी | पुरुष | सचिव | १९८ |
| १७) | रोशनकुमार सिंह | पुरुष | सहसचिव | १४७ |
| १८) | योगानन्द मिश्र | पुरुष | सहसचिव | २६८ |
| १९) | सञ्जयकुमार कुर्मी | पुरुष | सहसचिव | २५० |
| २०) | धुरन्धरप्रसाद कुर्मी | पुरुष | सहसचिव | ७४ |
| २१) | राजेश्वरप्रसाद रौनियार | पुरुष | कोषाध्यक्ष | १५३ |
| २२) | महताब अहमद | पुरुष | कोषाध्यक्ष | ४३ |
| २३) | परशुरामप्रसाद रौनियार | पुरुष | सहकोषाध्यक्ष | २८५ |
| २४) | सद्दाम हुसैन | पुरुष | सहकोषाध्यक्ष | १२० |
| २५) | राजुप्रसाद पटेल | पुरुष | सहकोषाध्यक्ष | ३४ |
| २६) | श्रुति रौनियार | महिला | सदस्य | २७६ |
| २७) | प्रियाकुमारी पाण्डेय | महिला | सदस्य | ५० |
| २८) | आशा गुप्ता | महिला | सदस्य | १२५ |
| २९) | फिरोज खान | पुरुष | सदस्य | २३१ |
| ३०) | अमोदकुमार पटेल | पुरुष | सदस्य | ४७ |
| ३१) | सहमद मियाँ धोबी | पुरुष | सदस्य | २६९ |
| ३२) | त्रिलोकीकुमार पटेल | पुरुष | सदस्य | २९९ |
| ३३) | सूर्यप्रसाद कोइराला | पुरुष | सदस्य | |
| ३४) | पुरुषोत्तमप्रसाद पटेल | पुरुष | सदस्य | २१७ |
| ३५) | सुमित रौनियार | पुरुष | सदस्य | ३१५ |
| ३६) | विकासकुमार साह | पुरुष | सदस्य | ३२४ |
| ३७) | वीरेन्द्रप्रसाद कुर्मी | पुरुष | सदस्य | २९६ |
| ३८) | मनोजकुमार साह | पुरुष | सदस्य | ६७ |
| ३९) | रामबाबूकुमार सिंह | पुरुष | सदस्य | ३१२ |
| ४०) | ब्रजेशकुमार यादव | पुरुष | सदस्य | १४४ |
| ४१) | पारस ठाकुर (हजाम) | पुरुष | सदस्य | २३० |
| ४२) | प्रेमनारायण सर्राफ | पुरुष | सदस्य | १५१ |
| ४३) | रामानन्दप्रसाद कुर्मी | पुरुष | सदस्य | ९० |
| ४४) | दीपेन्द्रप्रसाद साह सोनार | पुरुष | सदस्य | ९४ |
| ४५) | सतीशकुमार चौरसिया | पुरुष | सदस्य | १३३ |

## सप्तरीमा नमूना मतदान

सप्तरी, २७ असोज/रासस

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको प्रत्यक्ष निर्वाचनका लागि सप्तरीको राजविराजमा बिहीवार नमूना मतदान गरिएको छ। बदर मत कम गर्न र मतदाता शिक्षा प्रभावकारी बनाउन सहयोगी समाजले नमूना मतदान गरेको जानकारी दिएको छ।

यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूको महासङ्घ नेपालका कार्यक्रम संयोजक सिमरन शेरचनले विभिन्न जिल्लामा नमूना मतदान र साक्षरता कार्यक्रम अन्तर्गत राजविराजमा कार्यक्रम गरिएको बताइन्। उनले बदर मत कम गर्न र मतदानको महत्त्व बुझाउन प्रशिक्षणसँगै 'नमूना मतदान' अभ्यास गराएर सहभागीलाई गाउँघरमा सचेतना फैलाउन निर्देशन दिइएको बताइन्।

नमूना मतदानमा महिला, पुरुष, अशक्त र वृद्धवृद्धाको लाइन मिलाउने, मतदाता परिचयपत्र रुजू गर्ने, मतदान अधिकृतको हस्ताक्षर रुजू गर्ने, गोप्य स्थानमा पुगी उम्मेदवारलाई मत दिन, मतपत्र पटचाउन र मतपेटिकामा मत खसाल्न सिकाइएको थियो।

प्रत्येक मतदाताले चारवटा मतपत्रमा आफूले रुचाएको उम्मेदवार र दललाई मत खसाउन सिकेको सहभागी खडक नगरपालिका–६ की नन्दनी चौधरीले बताइन्। पहिलो हुने निर्वाचित हुनेतर्फ प्रतिनिधिसभा र प्रदेशसभाको छुट्टाछुट्टै मतपत्र र समानुपातिकतर्फ प्रतिनिधिसभा र प्रदेशसभाको छुट्टाछुट्टै मतपत्र गरी चारवटा मतपत्रमा एक/एकवटा चुनाव चिह्नमा मतदान गर्नुपर्ने कुरा सिकेको कञ्चनरूप नगरपालिका–५ का विवेक विकले जानकारी दिए।

सहजकर्ता सविन बुढाथोकीले प्रतिनिधिसभा र प्रदेशसभाको गठन, मतदानको महत्त्व, मनोनयन, मतदान र मतगणना प्रक्रिया, सदर र बदर मतका बारेमा प्रशिक्षण दिएका थिए। प्रशिक्षणपश्चात् प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनका लागि मतदाता शिक्षा प्रभावकारी बनाउन 'नमूना मतदान' अभ्यास गराइएको हो।

नमूना मतदानमा सहभागी ४० जनामध्ये पहिलो हुने निर्वाचित हुने मतदानमा तीनजनाको मत बदर भएको र समानुपातिकमा शतप्रतिशत मत सदर भएको स्थानीय परिचालक रोशन चौधरीले जानकारी दिए।

### आयात.........

केरा नआएको बताउँछन्। अहिले मन्दीका कारण केराको बिक्रीसमेत नभएको उनको भनाइ छ। केराको मूल्य प्रतिकोसा रु तीनदेखि चारमा किसानको बारीबाट बिक्री हुने गरेको छ।

नेपालको उत्पादन तीन लाख आठ हजार ३८८ मेट्रिक टन छ। यो कुल मागको ६० प्रतिशत रहेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना चितवनका कृषि अधिकृत इन्द्र शर्मा ढुङ्गानाले जानकारी दिए। उनका अनुसार ४० प्रतिशत केरा भारतबाट आयात हुँदै आएको छ।

"चितवनमा उत्पादन भएको केराको मुख्य बजार काठमाडौं हो," उनले भने, "भारतबाट दैनिक आयात हुँदा किसान मर्कामा पर्ने नै भए।" काठमाडौंसँगै चितवनमा उत्पादन भएको केरा पोखरा, बुटवल र दाङमा समेत जाने गरेको छ।

देशभर केराको कुल माग पाँच लाख १४ हजार ५० मेट्रिक टन रहेको छ। यहाँ २१ हजार ६३३ हेक्टर क्षेत्रफलमा केराखेती हुँदै आएको छ। त्यसमध्ये चितवनमा मात्रै दुई हजार ७६ हेक्टर क्षेत्रमा केराखेती हुन्छ। त्यसमा ४३ हजार १९३ मेट्रिक टन चितवनमा उत्पादन हुन्छ। नेपालको उत्पादनको २० प्रतिशत केरा चितवनले ओगट्ने गरेको छ। पूर्वी चितवनको रत्ननगर, खैरहनी, राप्ती र कालिका नगरपालिकामा बढी केराखेती हुने गरेको छ। यस्तै, भरतपुर महानगरको ठिमुरा, जगतपुर र मेघौली क्षेत्रमा पनि व्यावसायिक केराखेती गरिएको छ।

### निजगढको नदीजन्य पदार्थ.....

बाधा–अडचनतर्फ बेलैमा ध्यान नदिंदा कतिपय स्थानीय तहले उत्खननको ठेक्का आह्वान गर्दै आएका छन्।

अन्य प्रदेशको तुलनामा मधेस प्रदेशमा नदीजन्य पदार्थ तथा खानीजन्य पदार्थ उत्खनन अचाक्ली दोहन हुँदै आएको छ। यसरी अदालतले जारी गरेको आदेश निजगढ नगरपालिकाको कार्यालयमा आएसँगै कानूनी परामर्श गर्दै अन्तरिम आदेश खारेजीको माग निजगढ नगरपालिकाले राख्दै आएको छ।

निजगढ नपाको प्रमुख आम्दानीको एक मात्र स्रोत नदीजन्य पदार्थको ठेक्का (दहत्तर–बहत्तर) बन्दोबस्ती भएकोले अदालतले बेलैमा यसको छिनोफानो गर्नुपर्ने अन्यथा विकास कार्यमा अवरोध हुने बताइन्छ।

सुनरस कन्सल्टेन्सी एन्ड ट्रेडर्स प्रालि, पर्साले तयार पारेको निजगढ नगरपालिकाभित्र रहेका खोलानालाको आइइई रिपोर्ट नै गलत मनसायले आएको एकथरी सचेत नागरिकको आरोप छ। प्राविधिक कुनै त्रुटिबेगर आइइई रिपोर्ट तयार गरी निजगढ नपालाई त्यसै बेला उपलब्ध गराएको सुनरस कन्सल्टेन्सी एन्ड ट्रेडर्स प्रालि, पर्साका सञ्चालक शम्भुप्रसाद चौरसियाको दाबी छ।

अघिल्लो वर्ष १६ करोड र गत वर्ष १३ करोडमा निजगढ नपाले नदीजन्य पदार्थको ठेक्का लगाएको थियो। निजगढ नपाले चुरे क्षेत्र, चुरे संरक्षित क्षेत्र, वन क्षेत्रको क्षेत्राधिकार मिचेर त्रुटिपूर्ण आइइई रिपोर्ट तयार गरेसँगै समस्या जटिल बन्दै आएको थियो। उता राष्ट्रपति चुरे–तराई–मधेस संरक्षण विकास समिति केन्द्रीय कार्यालय, काठमाडौंबाट खटेको भूगर्भविद् प्रेमनाथ पौडेलसहितको टोलीले आईरिपोर्ट र स्थलगत अनुगमन गरेसँगै चुरे क्षेत्र र चुरे संरक्षित क्षेत्रभित्र पसेर निजगढ नपाले आइइई रिपोर्ट तयार पारी उत्खन्नका लागि ठेक्का आह्वान गरेको भन्दै २२ वटा बुँदा तुरुन्तै कार्यान्वयन गर्न निजगढ नपालाई पत्राचार गरेको थियो। त्यसले गर्दा निजगढ नपाले लगाएको ठेक्काको परिमाणसमेत घटाउनु परेको थियो।

यता अघिल्लो वर्ष डिभिजन वन कार्यालय बाराको कुनै अनुमति, सहमति नलिई वन क्षेत्रभित्र पसी आइइई रिपोर्ट तयार गरी नदीजन्य पदार्थको ठेक्का लगाएको भन्दै वन क्षेत्रभित्र लगाइएको ठेक्का तुरुन्तै खारेज गर्न निजगढ नपालाई त्यसै बेला जानकारी दिएको थियो। वन कार्यालयले वन क्षेत्रभित्र नदीजन्य पर्दाथ उत्खनन गरिए कारबाई गरिने सूचना प्रकाशित गरेपछि ठेकेदारले वन क्षेत्रमा पस्ने आँट गरेको थिएन। सामुदायिक वन क्षेत्र, साझेदारी वन क्षेत्र, राष्ट्रिय वन क्षेत्र सबै नेपाल सरकार अन्तर्गतका सङ्घीय वा प्रदेश वन मन्त्रालय, वन विभाग मातहत पर्ने भएकोले वन क्षेत्रभित्र जथाभावी आइइई रिपोर्ट तयार गर्नु कानूनको बर्खिलाप हुने डिभिजन वन कार्यालय बाराले जनाएको छ। स्थानीय तह आफैंले आइइई रिपोर्ट तयार गर्न लगाउने, आफैंले कार्यान्वयन गर्ने, आफैंले नियमनसम्म गर्न पाउने त्रुटिपूर्ण अधिकार पाएसँगै कतिपय स्थानीय तहको आम्दानीको स्रोत भन्दै नदीजन्य पदार्थमा छड्के नजर परेको हो।

### कलैया उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मधेश प्रदेश
कलैया, बारा, (नेपाल)

### सार्वजनिक सूचना

प्रथमपटक प्रकाशित मिति २०७९/०६/२८ गते

बैंक रोड (हजारी मार्केटको पश्चिम तर्फबाट उत्तर एनसिसी बैंक जाने बाटो) को सडक २४ फिट तथा दायाँ–बायाँ नाला फूटपाथको लागि ३–४ फिट गरी जम्मा ३० फिटको सडक कायम गर्ने साथै ३० फिटभित्रमा रहेका घर, टहराहरू हटाउने भनी यस नगरपालिकाको बैठकबाट मिति २०७९/०५/२३ गतेका दिन निर्णय भएको हुँदा उल्लिखित सडकछेउमा तोकिएभन्दा बढी रहे भएका घर, टहराहरू ३५ (पैंतीस) दिनभित्र हटाउन यो सूचना जारी गरिएको छ। तोकिएको समयभित्र भएका संरचनाहरू हटाएको नपाइएमा यसै नगरपालिकाबाट भत्काइ हटाइनेछ र उक्त संरचना भत्काइ हटाउँदा लाग्ने खर्च सम्बन्धित व्यक्तिसँग असुल उपर गरिने बेहोरासमेत सम्बन्धित सबैका लागि अनुरोध गरिन्छ।

### वीरगंज ओम होस्पिटल प्रा. लि. आयोजनाको वातावरणीय अध्ययन प्रतिवेदन तयारीसम्बन्धी सार्वजनिक सूचना

(प्रकाशन मिति २०७९/०६/२८ गते)

मधेस प्रदेश पर्सा जिल्ला वीरगंज महानगरपालिका वडा नं १५ स्थित **वीरगंज ओम होस्पिटल प्रा.लि.**द्वारा देहाय बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | वीरगंज ओम होस्पिटल प्रा.लि., वीरगंज महानगरपालिका वडा नं १५, पर्सा, मधेस प्रदेश, फोन नं. ०५१–५३३८०८ |
| प्रस्तावकको बेहोरा | १५ शय्याको अस्पताल |
| प्रभाव पर्न सक्ने क्षेत्र | वीरगंज महानगरपालिका वडा नं १५, पर्सा |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र सांस्कृतिक प्रणालीहरूबीच केकस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकीन गर्न वडा नं १५, वीरगंज महानगरपालिकाको वडा समिति, विद्यालय, स्वास्थ्य, संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र देहायमा उल्लिखित ठेगानामा आइपुग्नेगरी लिखित राय सुझाव उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | वीरगंज ओम होस्पिटल प्रा.लि., वीरगंज महानगरपालिका वडा नं १५ पर्सा, मधेस प्रदेश, फोन नं.०५१–५३३८०८, ईमेलः omhospitalbirgunj@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना | श्री महावीर कन्स्ट्रक्शन एन्ड कन्सल्टेन्सी, रामगढवा–२१, वीरगंज, पर्सा, फोन नं. ९७४५५४५५९७, ईमेलः chaurasiyasunil4@gmail.com |



पोखरिया नगरपालिकामा माछा बिक्री गर्नको लागि टाउकोमा माछाको टोकरी राखी साइकलमा यात्रा गर्दै एकजना माछा बिक्रेता । तस्वीर: ओमप्रकाश चौधरी

# वनसम्बन्धी क्षमता अभिवृद्धि तालीम सम्पन्न

प्रस, निजगढ, २७ असोज/

बाराका वन कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने अभिप्रायले 'सीप हस्तान्तरण तथा क्षमता अभिवृद्धि तालीम वन व्यवस्थापन' शीषर्कमा गरिएको दुई दिने तालीम बिहीवार सम्पन्न भएको छ।

कार्यक्रमका प्रमुख अतिथि डिभिजन वन कार्यालय, बाराका प्रमुख एवं डिएफओ विनोद सिंहले समय अनुसार सीप र ज्ञान अभिवृद्धि हुन सके मात्रै वन व्यवस्थापन प्रभावकारी बनाउन सकिने बताए ।

आजको आधुनिक युगमा प्रविधिहरूको ज्ञान बढाउँदै प्रयोगमा ल्याउनुपर्ने भइसकेकोले यस्ता कार्यहरूका लागि वन कर्मचारीहरू जहिल्यै पनि मनैदेखि उत्साहित र तत्पर हुनुपर्ने र तालीमबाट प्राप्त ज्ञानलाई कार्यान्वयन गर्न आग्रह गरे ।

कार्यक्रमका विशिष्ट अतिथि सामुदायिक वन महासङ्घ (फेकोफन) बाराका अध्यक्ष रामजी बजगाईंले वनसम्बन्धी यस्ता विभिन्न खाले तालीम,




गोष्ठीहरूबाट प्राप्त ज्ञान, सीपलाई व्यवहारमा उतार्नु नै सकारात्मक कार्य हुने बताए । त्यसैगरी, सञ्चारकर्मी जीतलाल श्रेष्ठले वन संरक्षण र व्यवस्थापनमा सञ्चारकर्मीको नजरबाट देखिएका सुझावहरू दिए । कार्यक्रममा सहायक वन अधिकृत जवाहर कुर्मीले पनि मन्तव्य राखेका थिए। सो तालीममा प्रशिक्षक डा रामअशेश्वर मण्डल रहेका थिए । सहयोगी संस्था रेड कार्यान्वयन केन्द्र काठमाडौं र आयोजना डिभिजन वन कार्यालय, बाराले गरेको थियो । डिवका, बाराका सहायक वन अधिकृत अनिल साहले सञ्चालन गरेको सो तालीममा ३० जनाभन्दा बढी सहभागी थिए ।


## उत्पादन बढाऔं र औद्योगिकीकरणमा सहयोग गरौं

- विलासिताका वस्तु तथा सेवाको उपयोग घटाऔं ।
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं ।
- आर्थिक मितव्ययी बनौं; फजुल खर्च नगरौं ।
- बचत गरी बैंक तथा वित्तीय संस्थामा रकम जम्मा गरौं ।
- स्थानीय स्रोतको परिचालन गरी उत्पादनमा लगानी गरौं ।
- आर्थिकरूपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान गरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड


# चोरी मुद्दामा दुईजना जेल चलान

प्रस, वीरगंज, २७ असोज/

चोरी मुद्दामा फरार दुईजनालाई बारा प्रहरीले पक्राउ गरी अदालतको



तस्वीर सौजन्य: जिप्रका बारा

आदेशमा कैद भुक्तानको लागि वीरगंज कारागार चलान गरेको छ ।

जिल्ला प्रहरी कार्यालय, बाराका प्रवक्ता प्रहरी नायब उपरीक्षक राजेश थापाले बारा जिल्ला अदालतबाट २०७७/९/१६ मा तीन महीना कैद, १० हजार जरिवाना भएपछि फरार सूचीमा रहेका चोरी मुद्दाका परवानीपुर गाउँपालिका–४ बस्ने ३१ वर्षीय राधेश्याम राम र सोही मितिमा एक महीना १० दिन कैद र रु ३३३३ जरिवाना भएपछि फरार सूचीमा रहेका परवानीपुर गापा–४ कै २२ वर्षीय इम्तियाज देवानलाई इलाका प्रहरी कार्यालय, परवानीपुरको टोलीले पक्राउ गरेको र निजहरूलाई अदालतमा उपस्थित गराउँदा अदालतको आदेश अनुसार कैद भुक्तानको लागि वीरगंज कारागार चलान गरिएको प्रवक्ता थापाले बताए ।




Make your stay with us is a memorable experience

Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA

Exhilarating Hospitality

Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# खेलकूदको संसार

## प्रधानमन्त्री कपको लागि वीरगंजमा खेलाडी छनोट शुरू

प्रस, परवानीपुर, २७ असोज/

पाँचौं संस्करणको प्रधानमन्त्री कपको लागि हरेक प्रदेशको जिल्ला तहमा उत्कृष्ट खेलाडी चयनको प्रक्रिया शुरू भएको छ। कात्तिक १२ देखि २५ सम्म काठमाडौंमा हुने प्रम कपको लागि अहिले मधेस प्रदेशका आठ जिल्लामा पनि खेलाडी छनोटको काम भइरहेको बताइएको छ ।



तस्वीर: प्रतीक

मधेस प्रदेशका खेलाडी छनोट समितिका संयोजक मुर्तुजा हवारीका अनुसार असोज २७ देखि २८ गतेसम्म जिल्लाबाट १४ जना स्वायडमा र वैकल्पिक चारजना गरी कुल १८ जना खेलाडी छनोट गरिने र असोज ३० गतेपछि मधेस प्रदेशको टीम छनोटको लागि खेलहरू खेलाइनेछन् । उनले पर्सामा यसपालि ३२ जना उत्कृष्ट खेलाडी छनोट क्याम्पमा सहभागी भएको र उत्कृष्ट १८ जना छनोट गरिने बताए ।

पर्साबाट हासिम अन्सारी, सुरज पटेल, सैफुल्ला अन्सारी, सन्तोष कार्की, नसरुद्दीन अन्सारी, सोनु शर्मा, समसाद मन्सुरी, रञ्जीत कुमार टीममा पर्ने सम्भावना देखिएको छ । स्थानीय, प्रदेश र केन्द्र सरकारको उदासीनताका कारण पछिल्लो समय मधेस प्रदेशमा राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरका खेलाडी उत्पादनमा कमी आएको बताइएको छ ।

मधेस प्रदेशमा टर विकेट(अन्तर्राष्ट्रियस्तरको माटोको विकेट) नभएको कारण यहाँका खेलाडीलाई काठमाडौं र पोखरामा खेल्न समस्या हुने गरेको छ । साथै तीन तहका सरकार खेलाडीहरूको सेवासुविधा र स्वास्थ्यको लागि खासै गम्भीर नभएकाले क्रिकेटप्रति खेलाडीहरूको आकर्षण घट्दै गएको पाइएको छ ।

## लामिछानेलाई पाँच दिन हिरासतमा राख्न अनुमति

काठमाडौं, २७ असोज/रासस

काठमाडौं जिल्ला अदालतले राष्ट्रिय क्रिकेट टोलीका निलम्बित कप्तान सन्दीप लामिछानेलाई पाँच दिन हिरासतमा राखेर अनुसन्धान अघि बढाउन अनुमति दिएको छ ।

उक्त अदालतले यही असोज २७ देखि लागू हुने गरी ३१ गतेसम्म म्याद थप गर्न अनुमति दिएको हो । लामिछानेलाई हिरासतमा राखी अनुसन्धान अघि बढाउन यो दोस्रोपटक म्याद थप गरिएको हो । यसअघि यही असोज २० गतेदेखि आजसम्मका लागि म्याद दिइएको थियो ।

प्रहरीले लामिछानेलाई म्याद थपका लागि अदालतसँग माग गरेकोमा न्यायाधीश सूर्यबहादुर थापाले अभियुक्तको अनुसन्धान छिट्टै सकेर सरकारी वकीललाई बुझाउन र मुद्दा चाँडै दायर गर्न निर्देशन दिएको अधिवक्ता सुवास पाठकले जानकारी दिए ।

यसअघि पहिलोपटक म्याद दिंदा अदालतमा लामिछानेले जाहेरवाली १९ वर्षकी भएकीले नाबालिका नभएको न्यायाधीशसमक्ष जिकिर गरेका थिए ।

नाबालिकामाथि जबरजस्ती करणी गरेको अभियोगमा जाहेरी परेपछि लामिछानेलाई हिरासतमा राखिएको हो। प्रहरीले यही असोज २० गते उनलाई अन्तर्राष्ट्रिय विमानस्थलबाटै पक्राउ गरेको थियो ।

## नवौं राष्ट्रिय खेलकूद : ह्यान्डबलतर्फ समूह चरणका खेल

अन्नपुर्ण (कास्की), २७ असोज/रासस

नवौं राष्ट्रिय खेलकूद प्रतियोगिता अन्तर्गत ह्यान्डबल (महिला/पुरुष)तर्फका समूह चरणको खेल जारी छ । पोखरा रङ्गशालाको बहुउद्देश्यीय कभर्ड हलमा खेल भइरहेका छन् ।

खेलमा घरेलु टोली गण्डकी प्रदेशले तेस्रो जित निकालेको छ । गण्डकीले वाग्मती प्रदेशलाई ३२–१४ अङ्कले जित्दै महत्त्वपूर्ण तीन अङ्क बटुलेको छ। लगातार तीन खेल जितेको गण्डकीले योसँगै नौ अङ्क पाएको छ। अर्को खेलमा त्रिभुवन आर्मीले लगातार तेस्रो जीत निकालेको छ। आर्मीले प्रदेश–१ सँग ५४–१० अङ्कको जीत निकालेको हो । आर्मीले पनि नौ अङ्क जोडेको छ ।



यस्तै सशस्त्र प्रहरी बलको एपिएफले पनि लगातार तेस्रो खेल जित्दै नौ अङ्क बनाएको छ । एपिएपले प्रदेश–१ लाई ३५–५ अङ्कले जितेको हो। ह्यान्डबलको पुरुषतर्फ लुम्बिनी प्रदेशले सुदूरपश्चिम प्रदेशलाई पराजित गरेको छ। लुम्बिनीले सुदूरपश्चिममाथि ३०–२५ अङ्कको जीत निकालेको हो । जीतसँगै लुम्बिनीले महत्त्वपूर्ण तीन अङ्क जोडेको छ ।

अर्को खेलमा कर्णाली प्रदेशले सङ्घर्षपूर्ण जीत निकालेको छ। निकै प्रतिस्पर्धात्मक खेलमा कर्णालीले वाग्मतीलाई १८–१७ अङ्कले पराजित गरेको हो । प्रतियोगिता अन्तर्गत महिला ह्यान्डबल खेलमा वाग्मती प्रदेशले जीत निकालेको छ । वाग्मतीले मधेस प्रदेशलाई ६–४ अङ्कले पराजित गर्दै महत्त्वपूर्ण तीन अङ्क बटुलेको हो। महिला ह्यान्डबल खेलमा विभागीय आर्मीले लगातार तेस्रो जीत निकालेको छ। आर्मीले प्रदेश–१ माथि ३४–९ अङ्कको फराकिलो जीत निकालेको हो। आर्मीले नौ अङ्क जोडेको छ ।

महिलातर्फ लुम्बिनी प्रदेशले सदूरपश्चिम प्रदेशलाई १४–१० अङ्कले पराजित गरेको छ। दुई समूहमा विभाजन गरेर खेलाइएको छ। पुरुषतर्फ समूह 'क' मा गण्डकी, मधेस, वाग्मती, आर्मी र कर्णाली प्रदेश छन्। समूह 'ख' मा एपिएफ, लुम्बिनी, प्रदेश एक र सुदूरपश्चिम प्रदेश छन्। यस्तै महिलातर्फ समूह 'क' मा एपिएफ, लुम्बिनी, सुदूरपश्चिम र गण्डकी प्रदेश छन्। समूह 'ख' मा आर्मी, प्रदेश एक, वाग्मती, मधेस र कर्णाली प्रदेश छन्।

### फेन्सिङमा एपिएफलाई स्वर्ण पदक

विभागीय सशस्त्र प्रहरी बलको एपिएफ क्लबले फेन्सिङ खेलको महिला 'टिम फोयल' विधामा स्वर्ण पदक जितेको छ। नवौ राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत पोखरा रङ्गशालास्थित ब्याडमिन्टन कोर्टमा बिहीवार सम्पन्न फाइनलमा 'फेन्सिङको महिला टिम इभेन्ट'मा बागमती प्रदेशलाई ४५–३६ अङ्कले पछि पार्दै एपिएफ च्याम्पियन बन्न सफल भयो। फेन्सिङ खेलमा एपिएफको यो दोस्रो स्वर्ण पदक हो। उपविजेता बनेको बागमतीले रजत पदक प्राप्त गर्दा गण्डकी प्रदेश र आर्मीले कास्य पदक पाए। यही असोज २४ देखि जारी फेन्सिङ खेलको हालसम्मको पदक तालिकामा बागमती प्रदेश शीर्ष स्थानमा छ। हालसम्म बागमतीले चार स्वर्ण र दुई रजतसहित छ कास्यपदक जितेको छ। विभागीय टोली आर्मीले तीन स्वर्ण, पाँच रजत र सात कास्यसहित १५ पदक जितेर बागमतीलाई पछ्याइरको छ ।

यसैगरी एपिएफ दुई स्वर्ण, तीन रजत र छ कास्यपदकसहित ११ पदकका साथ तृतीय स्थानमा छ। सुदूरपश्चिम प्रदेशले एक स्वर्ण र दुई कास्यसहित तीन पदक र प्रदेश नं १ ले तीन कास्यसहित पाँचौं र आयोजक गण्डकी प्रदेशले दुई पदक जितेको छ ।